का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ असार २०८२,
शनिबार
21 June, 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १३९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बजेटमा सत्तारुढकै असन्तुष्टि

*आगामी आर्थिक वर्षको बजेटको बचाऊमा सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले छ । तर प्रमुख सत्तारुढ दल नेपाली कांग्रेस, जनता समाजवादी पार्टीलगायत दलका सांसदले बजेटको आलोचना गरेका छन् ।*



बजेटले जनतालाई देखेन, यो न विकासमैत्री भयो, न लगानीमैत्री भयो, न सरकार पक्ष सांसदमैत्री भयो । जो-जो मन्त्रीजी हुनुहुन्छ, प्रधानमन्त्रीजी हुनुहुन्छ । त्यही मैत्री भयो ।

■ **दीपक गिरी**
सांसद, नेपाली कांग्रेस



यो बजेटप्रति न सत्तापक्ष सन्तुष्ट छ, न प्रतिपक्ष नै । बजेट गयो कहाँ ? पैसा गयो कहाँ ? ७७ जिल्लाको समस्या किन समाधान गर्न सक्दैन बजेटले ? गम्भीर समीक्षा जरुरी छ ।

■ **रन्जुकुमारी झा**
सांसद, जनता समाजवादी पार्टी



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ असार ।

बजेटलाई लिएर सत्तारुढ दलभित्रै असन्तुष्टि देखा परेको छ । प्रतिनिधि सभामा जारी बजेटमाथिको छलफलमा सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका सांसदहरू नरम सुन्छिन् । तर, प्रमुख सत्तारुढ दल नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायत दलका सांसदहरू सरकार र मन्त्रीको आलोचनामा खुलेरै प्रस्तुत भएका छन् । जनता समाजवादी पार्टी सरकारमा छ । यो पार्टीकी सांसद रन्जुकुमारी झा सत्तारुढ भएकाले मागेको योजनामा बजेट पर्ने अपेक्षामा थिइन् । त्यसो हुन नसेकेको भनेर उनले संसद्मा दुःख व्यक्त गरिन् ।

'चार वटा योजना दिएको थिएँ वैशाखमै । एउटा योजना पनि परेन' उनले सुनाइन् । बजेटमाथिको छलफलमा को सत्तापक्ष र को प्रतिपक्ष छुट्टिन नसकेको उनको भनाइ छ । सांसद झाको प्रश्न छ, 'यो बजेटप्रति न सत्तापक्ष सन्तुष्ट छ न प्रतिपक्ष नै । बजेट गयो कहाँ ? पैसा गयो कहाँ ? ७७ जिल्लाको समस्या किन समाधान गर्न सक्दैन बजेट ? गम्भीर समीक्षा जरुरी छ ।'

प्रमुख सत्तारुढ दल कांग्रेसका सांसदहरू त खुलेरै मन्त्री र प्रधानमन्त्रीले आफ्नो क्षेत्रमा बजेट केन्द्रित गरेको आरोप लगाउँछन् ।

कांग्रेसका सांसद दीपक गिरी बजेटले जनता नै नदेखेको बताउँछन् । उनी भन्छन्, 'यो बजेटले जनतालाई देखेन, न यो विकास मैत्री भयो । न लगानी मैत्री भयो । न त सरकार पक्ष सांसद मैत्री भयो ।' बजेट शीर्ष नेता र त्यसमा पनि सत्तारुढ दलका शीर्ष नेता केन्द्रित हुन पुगेको उनको आरोप छ । अगाडि थप्छन्, 'जो जो »» पृष्ठ २ मा

# नेपाली भूमिमा भारतीय प्रहरी

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ६ असार ।

नेपाल-भारत बीचको खुला सिमाना प्रयोग गरी पटक पटक भारतीय प्रहरीको निर्वाध नेपाल प्रवेश र नेपाली नागरिक पक्राउ गर्नुले राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती थपेको छ । नेपाल र भारतबीच भएको सुपुर्दगी सन्धिलाई वेवास्ता गर्दै नेपाल सरकार र नेपाल प्रहरीसँगको समन्वय बिना भारतीय प्रहरी नेपाल आएर नेपालीलाई पक्राउ गर्ने घटनाहरू बढ्दै गएका छन् ।

बिहीबार भारतको तेलङना राज्यको हैदराबादबाट भारतीय प्रहरीका डिएसपी जसवन्त सिंहसहित ३ जनाको टोली काठमाडौं आएर एक नेपाली नागरिकलाई पक्राउ गरेका हुन् ।

तर नेपाल प्रहरीको सक्रियताका कारण उनीहरूले ती युवालाई भारत लैजान पाएनन । करिब ३ करोड रूपैयाँ चोरी मुद्दाको आरोपमा नेपाली युवालाई काठमाडौंबाट नियन्त्रणमा लिएर भारत लैजान लाग्दा स्थानीयले प्रहरीलाई खबर गरेपछि नेपाल प्रहरीले भारतीय प्रहरी अधिकारीहरूलाई पक्राउ गरी भारतीय दूतावासलाई जिम्मा लगाएका हुन् । केही समय अघि हैदरावादमा भएको चोरीको घटनामा दर्जन बढी नेपालीहरूको संलग्नता रहेको समाचार आएका थिए ।

त्यसमध्ये फरार एकजना काठमाडौंमा लुकेर बसेको भारतीय प्रहरीले पत्ता लगाएर नेपाल आएको बताइएको छ । सपरिवारसहित होटलमा बसेका ती युवकलाई जबर्जस्ती पक्राउ गरी भारतीय गाडीमा राखेर लैजाने क्रममा विवाद भएपछि स्थानीयले नेपाल प्रहरीको टोल फ्री नम्बर १०० मा फोन गरी जानकारी गराएका थिए । सोही सूचनाका आधारमा उपत्यकाका सबै युनिटलाई एकैचोटि सर्कुलर गरी भारतीय गाडी नियन्त्रणमा लिन सफल भएको नेपाल प्रहरीका एक उच्च अधिकारीले बताए ।



नेपाल सरकार र नेपाल प्रहरीसँग समन्वय नगरी भारतीय प्रहरी आएको घटनाले नेपालको राष्ट्रिय सुरक्षामाथि गम्भीर चुनौती थपेको छ । राष्ट्रिय सुरक्षासँग जोडिएको विषय भएकाले यसलाई परराष्ट्र मन्त्रालयले भारत सरकार र दूतावासको कडा रूपमा ध्यानाकर्षण गर्नुपर्छ

■ **हेमन्त मल्ल**
**पूर्वडीआईजी**
**नेपाल प्रहरी**

स्वयम्भू प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरेपछि उनीहरू भारतीय प्रहरी भएको थाहा पाएको ती अधिकारीले मध्यान्हलाई जानकारी दिए । हैदरावाद प्रहरीका डिएसपी जसवन्त सिंहको नेतृत्वमा स्थलमार्ग हुँदै ३ जना प्रहरी सोमबार बिहान काठमाडौं आइपुगेका थिए ।

कूटनीतिक माध्यमबाट भारतीय पक्षसँग बुझ्दा उनीहरू भारतीय प्रहरी नै भएको खुलेपछि दूतावासको जिम्मा लगाइएको र पक्राउ परेका नेपालीलाई सामान्य सोधपुछ गरेर छाडिएको नेपाल प्रहरीका अधिकारीहरू बताउँछन् । यद्यपि यो घटनालाई सार्वजनिक गर्न नेपाल प्रहरीले समेत चाहेको छैन् ।

यस्ता घटना लुकाउँदा भारतीय प्रहरीको हर्कत थप बढ्ने सुरक्षा विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् । 'यो घटनाले नेपालको सुरक्षामाथि थप खतरा बढेको संकेत गरेको छ', सुरक्षा विज्ञ एवं नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ले भने »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# इजरायल र इरानमा रहेका नेपालीको सुरक्षा र उद्धारका लागि सरकारले सम्भव सबै उपाय अपनाउने



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले इजरायल र इरानमा विकसित परिस्थितिअनुसार त्यहाँ रहेका नेपाली नागरिकहरूको सुरक्षा र उद्धारका लागि नेपाल सरकारले सम्भव भएका सबै उपायहरू अवलम्बन गर्ने र नेपाल फर्कन चाहनेलाई उद्धार गर्ने बताएकी छन् ।

शुक्रबार परराष्ट्र मन्त्रालयमा सम्पन्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन र गृह मन्त्रालयसँगको संयुक्त बैठकमा मन्त्री डा. राणाले इजरायल र इरानमा जारी रहेको युद्धका कारण उत्पन्न परिस्थिति र त्यसको तयारीबारेमा छलफलका क्रममा सो जानकारी गराएकी हुन् ।

मन्त्री डा. राणाले परराष्ट्र मन्त्रालयको समन्वयमा इजरायलस्थित नेपाली दूतावासले सक्रिय रूपमा काम गरिरहेको, »» पृष्ठ २ मा

## संघद्वारा जाजरकोटका अग्नी पीडितलाई सहयोग



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जाजरकोटका अग्नी पीडितहरूलाई करिब २ लाख रुपैयाँको सहयोग प्रदान गरेको छ । संघका अध्यक्ष भुवनसिंह गुरुङले शुक्रबार संघमा आयोजित एक सक्षिप्त कार्यक्रममा रिता देवी जनएकता फाउन्डेसनकी अध्यक्ष रिता शाहीलाई १ लाख ७६ हजार ५४५ रुपैयाँको चेक हस्तान्तरण गरे ।

अध्यक्ष गुरुङले अग्नी पीडितहरूको पीडामा राहत पुऱ्याउन उक्त फाउन्डेसनमार्फत सहयोग पठाएको बताए । अध्यक्ष शाहीले संघले प्रदान गरेको राहत अग्नी पीडित जाजरकोटबासीका लागि ठूलो राहत हुने भन्दै अग्नी पीडितहरूका तर्फबाट आभार व्यक्त गरिन् ।

उक्त सहयोग सघंको व्यानरमा वितरण गर्ने सहमतीमा फाउन्डेसनमार्फत प्रदान गरिने बुझिएको छ ।

गत जेठ २४ गते बुढीगंगा नगरपालिका-६ साफे मार्तडी सडकखण्डमा पर्ने »» पृष्ठ २ मा

**विपद्को पूर्वतयारी गरौं**

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"**विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं**"

नेपाल सरकार
विज्ञापन बोर्ड

देशैभर फैलियो मनसुन प्रणाली

# बीपी राजमार्गमा राति सवारी बन्द



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं ६ असार

यस वर्षको मनसुन प्रणाली शुक्रबारदेखि देशभर फैलिएको छ । मौसम पूर्वानुमान महाशाखाले २३ दिनपछि मनसुन देशभर फैलिएको जनाएको छ ।

यस वर्षको मनसुन १५ जेठमा देशको पूर्वी भागबाट प्रवेश गरी कोशी प्रदेशको धेरैजसो भूभागमा विस्तार भएकोमा २९ जेठमा मधेश, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रका केही भागसम्म विस्तार भएको थियो ।

मौसमविद् प्रतिमा मानन्धरले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा शुक्रबारदेखि मनसुन फैलिएसँगै अब देशभर मनसुन सक्रिय रहने बताइन् ।

'हाल कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रमा मनसुनी वायुको प्रभाव छ । साथै देशका पश्चिम भागमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव छ,' उनले भनिन्, 'भारतको पश्चिम बंगाल आसपासका क्षेत्रमा बनेको न्यूनचापीय क्षेत्रको पनि आंशिक प्रभाव छ ।' केही दिनदेखि परिरहेको पानीले उपत्यकाका नदीनालामा जलसतह बढेको छ । बिहीबार बेलुकादेखिको लगातारको वर्षापछि बागमती, धोबीखोला लगायत नदीनालामा जलसतह बढेको हो ।

शुक्रबार साँझ धोविखोला कपन जलमापन केन्द्रमा जलसतह सतर्कता तह नजिक र बढ्दो क्रममा रहेकाले नदी तटीय क्षेत्रमा रहनेहरू तथा नदी किनारको सडकबाट यात्रा गर्नेहरूले आवश्यक सतर्कता अपनाउन जल तथा मौसम पूर्वानुमान महाशाखाले आग्रह गरेको छ ।

### स्याङ्जाका ६५ स्थान जोखिममा

बाढी पहिरोले स्याङ्जाका ६५ स्थान जोखिममा परेको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले बाढीपहिरोका जोखिम ६५ वटा स्थान पहिचान गरेको हो ।

जोखिम स्थानमा बसोबास गरिरहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि जिल्ला प्रशासन कार्यालयसँग अनुरोध गरिएको हो ।

जोखिमयुक्त स्थानमा बस्दै आएका करिब ३ हजार ८ सय जनाका लागि ९० स्थान छनोट गरिएको हो ।

भारी वर्षा पछि विभिन्न स्थानमा बाढी पहिरोको प्रकोप देखिएको छ । वर्षाले विभिन्न नदीहरूमा जलस्तर बढेको छ भने विभिन्न स्थानमा सडक अवरुद्ध भएको छ ।

### १३ हजारभन्दा बढी जोखिममा

मनसुनी वर्षासँगै सुदूरपश्चिम प्रदेशभर प्राकृतिक विपद्को जोखिम देखिएको छ । सरकारी पूर्वानुमानअनुसार यसपटकको वर्षामा सुदूरपश्चिमभर ५२ हजारभन्दा बढी घरपरिवारका करिब २ लाख २८ हजार नागरिक प्रभावित हुने देखिएको छ ।

डडेल्धुरामा १३ हजार ५ सय घरपरिवारका २९ हजार ५९३ नागरिक जोखिममा पर्ने देखिएको छ । यद्यपि, स्थानीय तहको पूर्वतयारी नै प्रभावकारी व्यवस्थापनको आधार बन्ने भए पनि डडेल्धुराको सदरमुकाममा रहेको अमरगढी नगरपालिकाले भने अझैसम्म अनुमानित प्रभावितको विवरणसमेत तयार गर्न नसकेको देखिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समिति डडेल्धुराले »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

७ असार २०८२ शनिबार
21 June 2025, Saturday

# 'नेपाली श्रमिकमाथि हुने शोषण र विभेदप्रति सरकारको शून्य सहनशीलता'

**ललितपुर/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपाली श्रमिकमाथि हुने शोषण र विभेदप्रति सरकारको शून्य सहनशीलताको नीति रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठन नेपालद्वारा शुक्रबार ललितपुरमा आयोजित श्रम प्रवासन, लैंगिक समानता र जलवायु परिवर्तनको सन्दर्भमा व्यापार तथा मानवअधिकारसम्बन्धी बहुसरोकारवाला नीति संवाद कार्यक्रममा मन्त्री भण्डारीले विदेशमा रहेका श्रमिकहरूको पक्षमा सरकारको सक्रियता बढाइएको बताए ।

मन्त्री भण्डारीले व्यापार, प्रवासन र मानवअधिकारबीचको अन्तरसम्बन्धलाई विशेष रूपमा उल्लेख गर्दै जिम्मेवार व्यापार अभ्याससँगै श्रमिकको मानवअधिकारको रक्षा सरकारको सर्वोच्च प्राथमिकता भएको बताए ।

'वैदेशिक रोजगारी केवल आम्दानीको स्रोत मात्र नभई श्रमिकको गरिमा र अधिकारको विषय पनि हो, नेपाली महिला र पुरुष श्रमिकहरूले श्रम गन्तव्य मुलुकहरूको विकासमा उल्लेखनीय योगदान दिइरहेका छन्, ती मुलुकहरूले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन सुनिश्चित गर्न विश्वव्यापी मूल्यमान्यता र मर्मअनुसार व्यवहार गर्नुपर्छ,' मन्त्री भण्डारीले भने ।




उनले द्वन्द्वग्रस्त क्षेत्रमा रहेका नेपाली नागरिकहरूको सुरक्षालाई लिएर मन्त्रालयले आपत्कालीन उद्धारको तयारी गरिरहेको जानकारी पनि दिए । 'धेरै नेपालीहरू बंकरमा रात बिताइरहेका छन्, यदि स्थिति थप जटिल भयो भने उद्धारका लागि सरकार तयार छ,' उनले भने ।

विदेशमा रहेका नेपालीहरूको अवस्थाको निगरानी र समर्थनका लागि श्रम संसार मोबाइल एप्लिकेसनलाई अझै प्रभावकारी बनाउने प्रयास भइरहेको उल्लेख गर्दै मन्त्री भण्डारीले स्विस कम्प्याक्टलगायत साझेदारहरूको सहयोगप्रति धन्यवाद व्यक्त गरे ।

उनले हाल विभिन्न मुलुकमा अवैध रूपमा रहेका नेपालीहरूलाई वैध बनाउने पहल भइरहेको जानकारी पनि दिए । यसका लागि विशेष गरेर महिला श्रमिकहरूको सुरक्षालाई प्राथमिकता दिइएको मन्त्री भण्डारीको भनाइ थियो ।

वैदेशिक रोजगार ऐन संशोधनको प्रक्रिया सुरु भइसकेको बताउँदै मन्त्री भण्डारीले पुराना तथा अव्यावहारिक कानुनी व्यवस्थालाई यथाशीघ्र परिमार्जन गरिने बताए । साथै, वैदेशिक रोजगारीलाई बाध्यता होइन, विकल्पका रूपमा विकास गर्ने उद्देश्यले सरकार गृह रोजगारी प्रवर्द्धनको दशक लामो अभियानमा अघि बढेको पनि उनले जानकारी दिए ।

अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धि ८१ र ८७ को अनुमोदन प्रक्रिया अगाडि बढिरहेको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपाल एलडिसीबाट स्तरोन्नति हुन समावेशी आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउनुपर्ने आवश्यकता औंल्याए । उनले श्रम बजारको औपचारिकीकरण र 'डिजिटल' प्रविधिको प्रयोगद्वारा पारदर्शिता र नीतिगत निर्णयमा सुधार ल्याउने योजना रहेको पनि स्पष्ट पारे ।

उनले सबै सरोकारवालासँग सहकार्यमा आधारित साझा प्रयासबाट मात्र सुरक्षित, मर्यादित र नियमित श्रम प्रवासन सम्भव हुने उल्लेख गर्दै सबैलाई साथ र सहयोगका लागि आह्वान गरे ।

## बजेटमा...

मन्त्रीजी हुनुहुन्छ, प्रधानमन्त्रीजी हुनुहुन्छ । त्यही मैत्री बजेट भयो जस्तो मलाई लाग्यो ।'

बजेटप्रति आक्रोश पोखिरहेका सांसदहरू संसद्मा मन्त्री नदेखेपछि थप रुष्ट भएका छन् । कांग्रेस सांसद पूर्णबहादुर तामाङले त मन्त्री उपस्थित नभएसम्म आफू पनि नबोल्ने र अरूलाई पनि बोल्न नदिने भनेर रोष्ट्रम कब्जाकै प्रयास गरे ।

भौत्तिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल शुक्रबार संसद्मा थिएनन् । तर, उनी नेतृत्वको मन्त्रालयको बजेटमाथि छलफल चलिरहेको थियो । सत्तारुढ दलका सांसदले नै मन्त्री खोजेर रोष्ट्रम कब्जा गर्न खोजेपछि सभामुख देवराज घिमिरे नै अलमलमा परे । त्यसपछि सभाकै बैठक स्थगित गरिदिए ।

भौत्तिक पूर्वाधारमन्त्री पुगेपछि सभाको बैठक पुनः बस्यो । दोस्रो बैठकमा पनि तामाङले समय पाए । सरकारले योजना बनाएर बजेट नल्याएको भनेर आलोचना गरे । साना आयोजना बनाएर बजेट छरेको र त्यो छरेको बजेटपनि निश्चित क्षेत्रमा केन्द्रित गरेको भनेर प्रश्न गरे ।

सरकारले आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट ल्याएको छ । बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले दीर्घकालीन नीतिगत सुधार हुने दाबी गरेका थिए ।

अर्थमन्त्री पौडेलले बजेटले नीतिगत सुधारको बाटो अबलम्बन गरेको दाबी गरिरहँदा संसद्मा उनको र सरकारको आलोचना भएको छ ।

## नेपाली...

'नेपाल सरकारको सहमति र प्रहरीसँग समन्वय नगरी भारतीय प्रहरी सुटुक्क काठमाडौं छिरेको घटनाले नेपालको राष्ट्रिय सुरक्षामाथि गम्भीर चुनौती थपेको छ । यो राष्ट्रिय सुरक्षासँग जोडिएको विषय भएकाले परराष्ट्र मन्त्रालयले भारत सरकार र दूतावासलाई कडा रूपमा जानकारी गराउनुपर्छ ।'

सम्बन्धित देशको सरकार र प्रहरीसँग समन्वय नगरी कुनै देशका प्रहरी अर्को देशमा जानु सुरक्षाका हिसाबले चुनौती बढ्ने उनको तर्क छ । तर कतिपय अवस्थामा स्थानीय चौकीलाई थाहा नभएर उनीहरू त्यसरी आउने गरेपनि कानुनी हिसाबले थाहा छैन भन्न नपाइने मल्लले बताए ।

पहिला-पहिला पनि यस्ता घटनाहरू हुने गरेको अनुभव सुनाउँदै उनले भने 'भारत मात्रै नभएर अरू मुलुकहरूमा पनि उच्च तहमा समन्वय गरेर अपराध अनुसन्धान तथा नियन्त्रण सम्बन्धी कार्य हुने गरेको छ ।' कहिलेकहीँ स्थानीय प्रहरीलाई थाहा नभएर पनि बिना समन्वय भारतीय प्रहरीहरू नेपाल आउने गरेका र उनीहरूलाई आवश्यक सोधपुछ गरी २ देशबीच निरन्तर हुनुपर्ने सहकार्यलाई मध्यनजर गर्दै दूतावासको जिम्मा लगाउने व्यवहारिक अभ्यास रहेको मल्लले बताए । 'कतिपय अवस्थामा भारतीय प्रहरीले थाहै नपाई गल्ती गर्ने गरेका छन् । तर कानूनले थाहा छैन भन्न पाइदैन', उनले भने । यद्यपि यो विषय सुरक्षा चुनौतीका हिसाबले गम्भीर रहेकाले मल्लको भनाइ छ ।

यसअघि गत फागुनमा अनुमति नलिइकन आरोपी पक्राउ गर्ने उद्देश्यले काठमाडौं आएका ७ जना भारतीय प्रहरीलाई केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले नियन्त्रणमा लिएको थियो । ठमेलस्थित अलफ्ट होटलबाट सीआईबीको टोलीले पक्राउ गरेका उनीहरूलाई भारतीय दूतावासको जिम्मा लगाएको थियो । ती भारतीय प्रहरी १२ फागुनमा काठमाडौँ आएर अलफ्ट होटलमा बसेर नेपालीमाथि निगरानी राख्दै आएका थिए ।

सो घटनापछि भारत सरकारले आफ्ना प्रहरी संगठनलाई बिना समन्वय नेपाल प्रवेश नगर्न सर्कुलर जारी गरेको थियो । अपराध कर्ममा संलग्न रहेर एक अर्काको देशमा बसिरहेकाहरूलाई पक्राउ गर्न नेपाल र भारतबीच सुपुर्दगी सन्धि छ । जसअनुसार एक देशमा अपराध गरेर अर्को देशमा लुकेर बस्नेलाई दुवै देशका प्रहरीको आपसी समन्वयमा पक्राउ गरी सम्बन्धित पक्षलाई बुझाउने नजिर छ । विगतको नजिर हेर्दा नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपी बेचन झा र गत १५ चैतमा तीनकुने हत्या घटनामा फरार दुर्गा प्रसाईलाई भारतीय प्रहरीले पक्राउ गरी नेपाललाई बुझाएको थियो ।

भारतमा गैरकानुनी काम गरेर नेपालमा बस्दै आएका कसुरदारलाई पनि नेपालले त्यसैगरी बुझाउने अभ्यास छ । भारतीय प्रहरीले नेपाली भूमिमा बर्दीसहित आएर नेपालीलाई पक्राउ गर्नु कानुन विपरीत मानिएको छ ।

## वीपी...

दिएको जानकारी अनुसार जिल्लाका सात वटा स्थानीय तहमध्ये सबैभन्दा बढी जोखिममा रहेको आलिताल गाउँपालिकामा मात्र ७ हजार ८५३ घरपरिवार प्रभावित हुने प्रक्षेपण गरिएको छ । त्यसपछि परशुराम नगरपालिकामा ३ हजार ९५१, भागेश्वर गाउापालिकामा ५१०, नवदुर्गा गाउँपालिकामा ३११, अजयमेरु गाउँपालिकामा २०७ र गन्यापधुरा गाउँपालिकामा १६७ घरपरिवार जोखिमको सूचीमा छन् ।

### राजमार्गहरू अवरुद्ध

पहिरोका कारण कालीगण्डकी करिडोर सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । गुल्मीको कालीगण्डकी गाउँपालिका-१ गरगरेस्थित कालीगण्डकी करिडोर सडकखण्डमा शुक्रबार बिहान पहिरो खस्दा सडक पूर्णरूपमा अवरुद्ध भएको हो ।

शुक्रबार बिहान अचानक पहिरो खसेपछि गरगरे क्षेत्रको सडकखण्ड अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

यस्तै सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पा खण्ड १० घण्टापछि एकतर्फी खुलेको छ । राजमार्गको तानसेन-बुटवल खण्डअन्तर्गत तिनाउ गाउँपालिका-३, दोभान र सिद्धबाबा बीचमा ठूलो ढुंगासहित पहिरो खसेपछि बिहीबार रातिदेखि राजमार्ग अवरुद्ध थियो ।

वर्षा निरन्तर भएको र रातको समयमा सडक खुलाउन नसकिएको प्रहरीले जनाएको छ ।

दोभान प्रहरी चौकीदेखि तल्लो सिद्धबाबासम्म दर्जनभन्दा बढी स्थानमा पहिरो खसेपछि राजमार्ग अवरुद्ध भएको थियो ।

चौडा गरिएका क्षेत्रको सडकमा ठूलाठूला ढुंगासहितको पहिरो खसेको थियो । राजमार्ग अवरुद्ध हुँदा बुटवलवाट पोखरा, स्याङजा, गुल्मी, अर्घाखाँची, बाग्लुङसम्म जाने यात्रु र त्यसतर्फबाट बुटवल, भैरहवातर्फ जाने सवारीसाधन र यात्रु बाटोमै अलपत्र परेका थिए । एकतर्फी खुलेसँगै रातिदेखि अलपत्र परेका सवारी साधनलाई गन्तव्यतर्फ पठाइएको छ ।

दोभानदेखि सिद्धबाबा क्षेत्रमा पानी पर्दा र घाम लाग्दा पनि दिनहुँ खस्ने पहिरोले राजमार्ग अवरुद्ध हुने गरेको छ । यो सडक भएर केही दिनयता पोखरा तथा कालीगण्डकी करिडोर सडक हुँदै नारायणगढ र काठमाडौं जाने सवारी साधनसमेत गुडेका छन् ।

पहिरोले राप्ती राजमार्ग अवरुद्ध भएको छ । अविरल वर्षाका कारण कपुरकोट गाउँपालिका-३ चोरखोलामा पहिरो खसेपछि राजमार्ग अवरुद्ध भएको हो ।

कपुरकोटबाट साततले निस्कने वैकल्पिक मार्गसमेत बर्सातका कारण गाडी चल्न नसक्ने भएपछि यात्रुहरु अलपत्र परेका छन् । कतिपय नजिकका यात्रु भने हिंडेर आउजाउ गर्न बाध्य छन् ।

लगातारको वर्षाले पहिरो खसेको र सम्बन्धित निकायको डोजर, एक्स्काभेटरले पहिरो पन्छाउने काम गरे पनि माथिबाट ढुंगामाटो खसिरहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ ।

यसैगरी मनाङ र लमजुङ जोड्ने एकमात्र बेँसीसहर-चामे सडक पनि पहिरो खस्दा अवरुद्ध भएको छ । यस सडक खण्डअन्तर्गत लमजुङ मर्स्याङ्दी गाउँपालिका-४ मा शुक्रबार पहिरो खस्दा सडकमा यातायात अवरुद्ध भएको डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयले जनाएको छ । यो स्थान नजिक ४ असारमा पनि पहिरो खसेर सडक अवरुद्ध भएको थियो ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल खण्डको विनयी त्रिवेणी गाउँपालिका-१ विनयी खोलामा आएको बाढीले यात्रुवाहक बस बगाएको छ ।

काठमाडौँबाट नेपालगञ्जतर्फ जाँदै गरेको भे१ख ४०८५ नम्बरको बसलाई बिहीबार राति बाढीले बगाएको थियो । खोलाको नयाँ डाइभर्सनबाट बस गुडिरहेको बेला एक्कासी आएको बाढीले बस बगाएको थियो । तर सशस्त्र प्रहरी बलले तत्काल एक्साभेटर लगेर सबै यात्रुको सकुशल उद्धार गरेको थियो । बसमा ३ शिशुसहित ३८ जना यात्रु थिए । उक्त क्षेत्रमा पानी निरन्तर परिरहेका कारण खोलाबाट बस निकाल्न सकिएको छैन ।

भारी वर्षाले उक्त सडकखण्ड पूर्णरूपमा अवरुद्ध छ । दाउन्नेमा सडक हिलाम्य भएकाले सवारसाधन गुड्न सकेका छैनन ।

बर्खामा डाइभर्सन बगाइरहने सम्भावना बढी भएकाले विनयी खोलमा डाइभर्सन नबनाउने निर्णय गरिएको छ ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख जिल्ला अधिकारी भाविश्वर पाण्डेका अनुसार सरोकारवालाको टोलीले डाइभर्सन नबनाउने निर्णय गरेको हो । उनले खोलामा पुल निर्माण नहुँदासम्म वैकल्पिक मार्ग प्रयोग आग्रह गरिएको बताए । पुस यता खोलामा आठ पटकसम्म डाइभर्सन भत्काएको छ । मालवाहक सवारी साधान बाहेक अन्य सवारी साधनलाई होङ्सीगेट-सर्दि-दुम्किबास-हुँदै दाउन्नेको सडक प्रयोग गर्न अनुरोध गरिएको छ ।

यस खण्डमा ठुला सवारी साधन सञ्चालनमा रोक लगाइएको छ । दैनिक हजारौं सवारी साधन गुड्न देशको मुख्य राजमार्गमा पुल भाँचिएको पनि छ महिना पुग्न लाग्यो। अहिलेसम्म बन्न सकेको छैन ।

नारायणगढ-बुटवल सडक खण्ड पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर शिव खनालका अनुसार १४ असारमा पुलको उद्घाटन गर्ने तयारी छ । वर्षाका कारण नारायणगढ-बुटवल खण्डमा सवारी आवागमनमा समस्या आएकाले वैकल्पिक सडक प्रयोग गर्न प्रहरीले समेत आग्रह गरेको छ । विनयी खोलाको समस्यासँगै दाउन्नेमा सडक चिप्लो भएका कारण अहिले पनि यातायात सञ्चालन गर्न असहज छ ।

### सुरक्षा निकाय सक्रिय

देशभर उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र नेपाली सेना सक्रिय छन् । विपद् आइपरेपछि यी सबै सुरक्षा निकाय प्राथमिक रूपमा खोज तथा उद्धारमा खटिने गरेका छन् । त्यसका लागि प्रत्येक जिल्लामा स्थानीय तहहरूसँग समन्वय गरेर खोज तथा उद्धार प्रतिकार्य टिमहरू गठन गरिएका छन् । ती टिमलाई सशस्त्र प्रहरीको विशेष टोलीले आधारभूत उद्धार तालिम दिएका छन् ।

सुरक्षा निकायको तयारी योजनामा उद्धार टिम, खाद्यान्न मौज्दात, राहत सामग्रीको उपलब्धता, सूचनाको प्रवाह प्रणाली र आपतकालीन सम्पर्क टेलिफोन तयारी अवस्थामा राखिएको छ ।

### बीपी राजमार्ग १५ दिनसम्म बन्द रहने

बिपी राजमार्गमा १५ दिन राति गाडी चलाउन रोक लगाइएको छ ।

काभ्रे, सिन्धुली र रामेछापका अन्तरजिल्ला सुरक्षा समन्वय समितिको बैठकले शुक्रबार बिपी राजमार्गमा राति गाडी चलाउन रोक लगाउने निर्णय गरेको हो ।

काभ्रे भञ्ज्याङदेखि सिन्धुलीको खुर्कोटखण्ड बढी जोखिमयुक्त भएकाले गाडी चलाउन रोक लगाइएको हो । शनिबारदेखि साँझ साढे ६ बजेदेखि बिहान ५ बजेसम्म मालवाहक गाडी बाहेक अन्य सवारी साधनलाई चल्न नदिने निर्णय भएको काभ्रेका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए ।

उनका अनुसार काठमाडौंबाट जाने काभ्रे भञ्ज्याङमा रोकिने र काठमाडौं आउनेलाई सिन्धुलीको खुर्कोटमा रोकिने छ । 'बर्खाको पानीले सडक जताजतै बगाएको र यात्रा जोखिम हुने भएकाले यस्तो निर्णय गरेका हौं,' उनले भने ।

## इजरायल...

स्वदेश फर्कन चाहने नेपालीका लागि रजिष्ट्रेसन पनि खुलेको र उनीहरू स्वदेश फर्कन चाहेमा उद्धारका लागि त्यसको प्रबन्धको तयारीमै सरकार रहेको जानकारी दिइन् । उनले भनिन्, 'जिटुजी प्रक्रियाअन्तर्गत इजरायल पुगेका नेपालीहरू नेपाल फर्कन वा सुरक्षित स्थानमा जान चाहेमा सोका लागि सहजीकरण गर्नु इजरायलको पनि दायित्व हो । त्यसका लागि सीमा क्षेत्रबाट अन्य मुलुकमा जान सहयोग गरिदिन इजरायल सरकारलाई अनुरोध गरिसकिएको छ । नेपालीहरू स्वदेश फर्कन चाहेमा उहाँहरूको उद्धारका लागि नेपाल सरकार तयारी अवस्थामै छ ।' सो बैठकमा श्रममन्त्री शरतसिंह भण्डारीले श्रम मन्त्रालय पनि त्यहाँ रहेका नेपालीहरूसँग निरन्तर सम्पर्कमा रहेको र उनीहरू स्वदेश फर्कन चाहेमा उद्धारको तयारीमा नेपाल सरकार लाग्नुपर्ने बताए । उनले हाल इजरायल जाने अन्तिम तयारीमा रहेकाहरूलाई श्रम स्वीकृति नदिइ रोकिराखिएको पनि बताए । यही जुन १३ मा इजरायल र इरानबीच युद्ध सुरु भएकै दिन परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत दुवै पक्षलाई अधिकतम संयमता अपनाउन र वार्ताद्वारा समस्या समाधान गर्न अपिल गर्दै ती मुलुकमा रहेका नेपालीलाई सम्बन्धित नेपाली दूतावाससँग सम्पर्कमा रहन अनुरोध गरेको थियो । त्यसपछि जुन १५ मा सम्पर्क विवरणसहितको ट्राभल एड्भाइजरी जारी गरी सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन नेपालीलाई अनुरोध गरिएको थियो । ती मुलुकमा हाल हवाई मार्ग बन्द रहेको अवस्थामा सुरक्षित स्थान वा सीमावर्ती मुलुकमा जान चाहने नेपालीलाई 'अनलाइन भिसा' उपलब्ध गराउनेलगायतका काममा सहजीकरण गरिदिन खाडीस्थित सबै नेपाली नियोगलाई परराष्ट्र मन्त्रालयले गत बुधबार नै निर्देशन दिएको छ ।

साथै मन्त्रालयले अनलाइन पोर्टल खोलेर नेपालीहरूको विवरण लिन सुरु गरेको र उक्त पोर्टलमा हालसम्म ६०० जनाभन्दा बढीले विवरण दर्ता पनि गराइसकेका छन् । योक्रम जारी नै छ ।

परराष्ट्र मन्त्रालयले गत बुधबार नै दोस्रो पटक ट्राभल एड्भाइजरी जारी गरेर हाल इजरायल तथा इरानमा रहेका नेपाली नागरिकलाई सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन र नेपालबाट इजरायल वा मध्यपूर्वका अन्य मुलुकको भ्रमण नगर्न अनुरोध पनि गरेको थियो । यसै साता नेपालका लागि इजरायली राजदूत स्मुलिक आरी बाससँग परराष्ट्रमन्त्री डा राणाले भेट गरी नेपाली नागरिकहरूको सुरक्षाको उचित प्रबन्ध मिलाउन आग्रह गरेकी थिइन् ।

त्यसैगरी इजरायलस्थित नेपाली दूतावास र इरान हेर्ने कतारस्थित नेपाली दूतावासलाई सम्बन्धित सरकारी अधिकारी, यस क्षेत्रमा काम गर्ने संघसंस्था र नेपाली समुदायसँग निकटको सम्पर्क स्थापित गर्न र सोका सम्बन्धमा मन्त्रालयलाई 'रियल टाइम रिपोर्टिङ' गर्न निर्देशन दिइएको छ । हाल इजरायलमा ५ हजार ५०० देखि ७ हजार नेपाली रहेको र तीमध्ये धेरैजसो तेल अबिब, जेरुसेलम र हाइफामा रहेका छन् । त्यस्तै इरानमा १८ जना नेपाली रहेका छन् ।

## संघद्वारा...

बाम्का बजारमा आगलागी हुँदा ४० घर परिवार विस्थापित भएका थिए भने २० करोड बढीको क्षति भएको थियो । रकम हस्तान्तरण कार्यक्रममा संघका कार्यवाहक महासचिव कुन्छादोर्जे दिमदोङलगायत कार्यसमिति सदस्यहरूको उपस्थिति रहेको थियो ।


## फिक्कल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खाङ्साङ, सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :- २०८२/०३/०७ गते**

यस कार्यालय बाट मिति २०८२/०१/११ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन् आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको कार्यको लागि तपशिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट भएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अकं (मु. अ. कर र पि. एस. सहित) | कै. |
|---|---|---|---|---|---|
| १ | FRM/Sindhuli/ Works/NCB/ 09/081-82 | Construction of Iinterior of Administrative Building of Phikkal Rural Municipality | श्री चण्डिका मोडर्न फर्निचर एण्ड स. मिल प्रा. लि. बानेश्वर-१०, काठमाण्डौ | रु. ९९,५३,८०६.०४/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

### अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

**प्रकाशित मिति : २०८२/०३/०७ गते**

**यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपशिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार (mm) | ब्राण्ड | मोडल | औसत क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई भ्याट बिनाको मूल्य रु. | अधिकतम खुद्रा विक्री मूल्य (भ्याट सहित) रु. | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | 540*615*1050 | HITECH | HS-176LR | 170L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 2 | REFRIGERATOR | 540*615*1050 | HITECH | HS-176LB | 170L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 3 | REFRIGERATOR | 540*615*1050 | ROWA | RS-176LR | 170L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 4 | REFRIGERATOR | 540*615*1050 | ROWA | RS-176LB | 170L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 5 | REFRIGERATOR | 540*615*1050 | HITECH | HS-185LMF | 175L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 6 | REFRIGERATOR | 540*615*1050 | HITECH | HS-185LBF | 175L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 7 | REFRIGERATOR | 540*615*1050 | HITECH | HS-185BSH | 175L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 8 | REFRIGERATOR | 540*615*1050 | HITECH | HS-185SBR | 175L | INDIA | Pcs | 25,019.47 | 28,272.00 | |
| 9 | REFRIGERATOR | 596*690*1260 | HITECH | HS-225CML/HS-225CBL | 195L | INDIA | Pcs | 28,443.36 | 32,141.00 | |
| 10 | REFRIGERATOR | 596*690*1350 | HITECH | HS-245CML/HS-245CBL | 215L | INDIA | Pcs | 30,927.43 | 34,948.00 | |
| 11 | REFRIGERATOR | 596*690*1260 | KEC | KEC-226FLRD/KEC-226FLBD | 195L | INDIA | Pcs | 28,443.36 | 32,141.00 | |
| 12 | REFRIGERATOR | 596*690*1350 | KEC | KEC-253FLRD/KEC-253FLBD | 215L | INDIA | Pcs | 30,927.43 | 34,948.00 | |
| 13 | REFRIGERATOR | 596*690*1260 | ROWA | RS-226TMF/RS-226TBF | 195L | INDIA | Pcs | 28,443.36 | 32,141.00 | |
| 14 | REFRIGERATOR | 596*690*1350 | ROWA | RS-253TMF/RS-253TBF | 215L | INDIA | Pcs | 30,927.43 | 34,948.00 | |
| 15 | AC-INVERTER | 780*285*188 | JN HITACHI FUJIAN | HF-12KA519WIV | 1 TON | CHINA | Pcs | 68,933.63 | 77,895.00 | |
| 16 | AC-INVERTER | 780*285*188 | HITECH | HAC-12KW357IV | 1 TON | CHINA | Pcs | 66,449.56 | 75,088.00 | |
| 17 | WASHING MACHINE | 673*687*890 | | HFW10-K1626BLC | 10KGS | CHINA | Pcs | 67,692.04 | 76,492.00 | |
| 18 | WASHING MACHINE | 673*687*890 | | HFW12-T519DD | 12KGS | CHINA | Pcs | 86,818.58 | 98,105.00 | |

**जे.एन. इण्डस्ट्रीज प्रा.लि., सँतुगल, काठमाडौं, फोन नं. : ९८०१३१५७५०** **स्थायी लेखा नं. : ६०१८५६५५८**

ग्वार्को फ्लाई ओभर उद्घाटन

# देशमा बहुआयामिक र चौतर्फी ढंगले विकास गर्दैछौं : प्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
ललितपुर, ६ असार



ललितपुरको ग्वार्कोमा निर्माण भएको फ्लाई ओभर शुक्रबारबाट सञ्चालनमा आएको छ । फ्लाई ओभरको एक समारोहकाबीच प्रधानमन्त्री केपी शर्मा ओलीले उपत्यका ट्राफिक प्रहरी प्रमुख नवराज अधिकारीबाट उद्घाटन गराए । उद्घाटन भएसँगै फ्लाई ओभरमा सवारीसाधन सञ्चालनमा आएका छन् ।

निर्माण थालेको ३९ महिनामा ओभरपासको काम सकिएको हो । इन्जिनियरिङ प्रोक्योरमेन्ट एन्ड कन्स्ट्रक्सन (ईपीसी) मोडलमा यसको ठेक्का गरिएको थियो । यसको ठेक्का आशिष-समानान्तर-रेलिगेर जेभीले १७ करोड ६ लाख ८८ हजार रुपैयाँमा लिएको थियो । दुई वर्षभित्र काम सक्ने गरी २०७८ फागुनमा ओभरपास निर्माण सुरु भएको थियो । सुरुमा भएको सम्झौता अनुसार ओभरपास २०८० फागुन १२ भित्र तयार भइसक्नु पर्ने थियो । उक्त समयमा नसकिएपछि २०८१ असारसम्मका लागि म्याद थपियो । त्यो समयमा पनि काम सकिएन ।

त्यसपछि २०८१ पुस ९ सम्मका लागि म्याद थपियो । पटक-पटक समय थप गर्दा पनि काम नसकिएपछि २०८१ पुस १० बाट निर्माण कम्पनीलाई जरिवाना तिराएर काम गराइएको थियो । कम्पनीले दैनिक जरिवाना तिर्दै अहिले काम सकेको हो ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले ग्वार्कोमा नवनिर्मित 'फ्लाई ओभर' ले ग्वार्कोसहित आसपासका क्षेत्रमा हुने सवारी जामको समस्या समाधान गर्ने बताए । सरकारले बहुआयामिक र चौतर्फी ढंगले विकास अगाडि बढाएकाले यसमा सबैको साथ रहने उनले विश्वास व्यक्त गरे । 'हामी विकासको बाटोमा लगातार अगाडि बढिरहेका छौं । हिजो दैलेखमा नेपाललाई ५० वर्ष पुग्ने मिथेन ग्यास रहेको प्रमाणित भयो । तीनवटा कुवामध्ये एउटा कुवाबाट त्यति ग्यास पैदा हुन्छ । त्यसको उत्खननको सुरुआत गरेका थियौं । धौवादी फलाम कारखाना सुरु भएपछि नेपालमा फलाम उत्पादन भइ देशको अर्थतन्त्रलाई धेरै अगाडि बढाउने छ', प्रधानमन्त्री ओलीले भने, 'यसरी विकास हुँदा विदेश जाने मुद्रा स्वदेशमा रहन्छ । ठूलो आर्थिक लाभसहित रोजगारी सृजना हुन्छ । अरु खनिजको उत्खनन, कृषिको आधुनिकीकरण गर्नेछौं । नयाँ उद्योग स्थापना, सामाजिक र प्रशासनिक सुधार गरेर देशलाई अगाडि बढाउनेछौं ।'

सुनकोशी-मरिन डाइभर्सन आयोजना र हुलाकी राजमार्गले तराईको मुहार फेर्ने र मेची-महाकालीको कायाकल्प गर्ने बताउँदै उनले देशले पूर्वाधार विकासका क्षेत्रमा गति लिँदै गएको बताए । उनले मदन भण्डारी राजमार्ग, पुष्पलाल मध्यपहाडी राजमार्गलगायत अन्य आयोजनाले पनि गति लिइरहेका उल्लेख गरे ।

# 'दिगो योजना र सुशासनबिना मधेशको शिक्षा विकास सम्भव छैन'



**इसतयाक अहमद/मध्यान्ह**
जनकपुरधाम, ६ असार

मधेश प्रदेशको शिक्षा क्षेत्रमा दिगो विकासका लागि स्पष्ट नीति, सुशासन र राजनीतिक इच्छाशक्ति अपरिहार्य रहेको सरोकारवालाहरूले जोड दिएका छन् । जनकपुरधाम आयोजित 'मधेशमा विद्यालय शिक्षा : संघीयतापछि' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरूले प्रदेशको शैक्षिक प्रणाली सुधारका लागि साझा पहल आवश्यक रहेको बताए ।

कार्यक्रममा संघीय पूर्वमन्त्री मोहम्मद जाकिर हुसैनले मधेश सरकारले तयार पारेको शिक्षा नीतिलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्न सके केही वर्षमै उल्लेख्य सुधार सम्भव हुने विश्वास व्यक्त गरे । उनले शिक्षा विना समृद्ध मधेशको कल्पना असम्भव भएको भन्दै भने, 'शिक्षा क्षेत्रको सबल कार्यान्वयनका लागि सुशासन र इच्छाशक्ति जरुरी छ ।'

हुसैनले मद्रसा शिक्षाको प्रवाह र समावेशीकरणका लागि नीति त भए पनि योजना र बजेटको अभाव तथा इच्छाशक्तिको कमी रहेको औंल्याए । उनले शिक्षा विधेयकमा सार्वजनिक विद्यालयलाई मात्रै केन्द्रमा राखेर गुरुकुल, गुम्बा र मद्रसालाई आर्थिक पक्षमा बेवास्ता गरिएको भन्दै चिन्ता व्यक्त गरे ।

शिक्षाविद् प्रा.डा.विद्यानाथ कोइरालाले संघीयता अनुसार शिक्षा क्षेत्रमा आएका संरचनात्मक परिवर्तनहरूबारे विश्लेषण गर्दै प्रदेश र स्थानीय सरकारबीच समन्वयको खाँचो रहेको बताए । उनले मुस्लिम विश्वविद्यालय स्थापनाको वकालत गर्दै आफू ९ वर्षदेखि त्यसका लागि प्रयासरत रहेको जानकारी दिए ।

प्रदेश सांसद रजी हैदरले मधेश सरकारले मद्रसा परिषद् गठन गर्नुपर्नेमा जोड दिँदै परम्परागत शिक्षालाई मुख्यधारमा ल्याउने नीति आवश्यक रहेको बताए । जनकपुर उपमहानगरपालिकाका पूर्व उपप्रमुख असगर अलीले मद्रसा शिक्षा विना मधेशको शैक्षिक विकास अपुरो हुने धारणा व्यक्त गरे ।

मधेश योजना तथा वित्त आयोगका उपाध्यक्ष साहिल साहले शिक्षा क्षेत्रको दिगो विकासका लागि नीति निर्माण र कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा आयोजक संस्थाका प्रतिनिधि टिकारामले शिक्षा नीतिमा स्थानीय आवश्यकता र प्राथमिकतालाई केन्द्रमा राख्नुपर्ने सुझाव दिए ।

कतारमा अन्तर्राष्ट्रिय योग दिवस

# आफ्नो भाग्य आफैं बनाउने विज्ञान कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ६ असार



जीवन विज्ञान कतारले ११ औं अन्तर्राष्ट्रिय योगा दिवसको अवसर पारेर 'योग- आफ्नो भाग्य आफै बनाउने विज्ञान' कार्यक्रममा सम्पन्न गरेको छ । दिवसको अवसर पारेर शुक्रबार कतारको अल थुमामा रहेको द आर्टियुम हलमा उक्त कार्यक्रम सम्पन्न गरेको हो ।

योग दिवस कार्यक्रममा जीवन विज्ञानका संस्थापक, आध्यात्मिक गुरुद्वय एल पी भानु शर्मा र रमेश नेपालले जीवन जिउने कलासहित जीवन विज्ञानले मानवभित्र लुकेर रहेको असीमित प्रतिभा र सम्भावनालाई सनातन आध्यात्मिक ज्ञान र आधुनिक मनोविज्ञानका नवीन प्रयोगद्वारा मानिसमा दिव्यताको खोजी कसरी गर्दछ भन्ने बारेमा दिव्य ज्ञान प्रदान गरेका थिए ।

गुरुहरूले योग, ध्यान, साधना र मनोविज्ञानका गहिरा सूत्रहरूको व्यावहारिक र प्रयोगात्मक अभ्यास गर्ने थलो नै जीवन विज्ञान रहेको बताए ।

गुरु शर्माले जसलाई तिमी दुःख भन्छौं, त्यो तिमि भित्र लुकेका सम्भावनाहरू रहेको बताउँदै जीवनमा जसले म ठूलो हो भन्छ त्यो सकिने र जसले म सानो हो भन्छ त्यो समृद्धितिर जाने बताए । सबैलाई स्वीकार गर्न सक्नु नै समुन्द्र जस्तै अटल र फराकिलो बन्नु रहेका उनले बताए ।

ध्यानले आँखा खोले अरू र आँखा बन्द गरे आफूलाई देखिने हुँदा देशले एक मानव खोजिरहेको छ हैन देशले खोजिरहेको मानिस बनिरहेको छु भन्ने सकारात्मक सोच राख्नु नै सफलतातर्फ उन्मुख हुनु उनले बताए । आफूलाई नचिनी काम गर्ने व्यक्ति सफल नहुने दिव्य ज्ञान गुरुले उपस्थित समक्ष बाँडे ।

गुरुले बिल गेट्सको उदाहरण दिँदै उनले साप्ताहिक योग र ध्यान गर्ने बताउँदै योग र ध्यान सर्वसाधारणदेखि उद्यमी तथा व्यवसायीका लागी पनी आवश्यक रहेको बताए ।

विज्ञान कतारका संयोजक रामजी खत्रीको सभाध्यक्षतामा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलले योगले जीवनलाई सुन्दर बनाउने बताए । त्यस्तै अर्का गुरु नेपालले सुख विशेष गरी स्वास्थ्य, सम्बन्ध र सम्पत्ति गरेर तीन क्षेत्रमा हुने बताए । उनले सम्पत्ति कमाउन स्वास्थ्य र सम्बन्ध राम्रो हुनुपर्ने आवश्यकता औंल्याए । मूलाधार चक्रलाई चलायमान बनाउन सक्ने मोटो पेट स्वतः कम हुने गुरु नेपालले बताए ।

स्वादिष्टान चक्र बिग्रँदा मन बिग्रने र अकारण चिन्ता बढ्ने गरेको उनले बताए । मणिपुर चक्र कमजोर हुँदा आँच र साहस पनि घट्ने र जोखिम उठाउन नसकिने हुँदा सफल हुन नसकिने बताउँदै विशुद्धि अर्थात् ज्ञानको चक्र पनि सक्रिय बनाउने बारेमा दिव्य ज्ञान व्यक्त गरेका थिए ।

जीवन विज्ञानले मानिसहरूलाई आध्यात्मिक रूपमा बढ्न र आन्तरिक खुसी र शान्ति पाउन मद्दत गर्नु रहेको बताएका थिए ।

जीवन विज्ञानले मानिसलाई आध्यात्मिक विकास र प्रेमले भरिएको उज्यालो भविष्य तर्फ हिँडाउन मद्दत गर्दछ भने योग, ध्यान र सजगताले मानिसहरूलाई आफ्नो वास्तविक आत्मा पत्ता लगाउन र आफूमा लुकेको क्षमता उजागर गर्न मद्दत गर्ने गर्दछ । विज्ञान कतारका सह-सचिव लीलानाथ घिमिरेले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष खत्रीले कार्यक्रमका बारेमा सल्लाह सुझाव प्रदान गरिदिन आग्रह गरे । उनले भविष्यमा पनि आवश्यक परेमा यस्तै प्रकृतिका कार्यक्रमको आयोजना गर्न आफुहरु तत्पर रहेको प्रतिबद्दता व्यक्त गरेका थिए ।

# शितगंगाले सहकारीमार्फत रोजगारी सिर्जना गर्ने

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ असार




अर्घाखाँचीको शितगंगा नगरपालिकाले सहकारीमार्फत कृषि उत्पादनमा जोड दिने भएको छ । नगरपालिकाले कृषि तथा पशुपन्छीमा लगाउँदै आएको कर खारेज गरी किसानलाई राहत दिने गरी नीति तथा कार्यक्रम कार्यक्रम सार्वजनिक गरेको छ । नगरपालिकाले शिक्षा क्षेत्रलाई पनि मुख्य प्राथमिकता दिएर नीति तथा कार्यक्रम ल्याएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले जानकारी दिए ।

गत वर्ष नगरसभामा शितगंगा नगरपालिकाका छबिलाल पौडेलले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगारीलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम ल्याएका थिए ।

शितगंगा नगरपालिकालाई स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरणको विकास गरी बस्नयोग्य हरियाली सहर बनाउने मुख्य उद्देश्यसहित नीति तथा कार्यक्रममा नगरपालिकाले योजना बनाएर लागेको नगरपालिकाका प्रमुख छबिलाल पौडेलले नगरसभामा प्रतिबद्धता व्यक्त गरेका थिए ।

नीति तथा कार्यक्रममार्फत शितगंगाले शिक्षा, स्वास्थ्य र सीप तथा रोजगारको क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्दै कृषि, पर्यटन, उद्योग, व्यापार जस्ता क्षेत्रको समुन्नतिमा जोड दिने मूल रणनीतिको रुपमा अगाडि सारेको छ ।

आगामी आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य र सीप तथा रोजगारलाई प्राथमिकता दिने गरी अहिले काम भैरहेको नगरप्रमुख छबिलाल पौडेल जानकारी दिए ।

उनका अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा शिक्षा, स्वास्थ्य र सीप तथा रोजगारलाई प्राथमिकता दिँदै पशुपन्छीमा लगाउँदै आएको निकासी कर हटाउने निर्णयलाई प्राथमिकतामा राखिएको छ ।

उनले शितगंगालाई शिक्षा,स्वास्थ्यमा अब्बल नगरपालिका बनाउँदै सीप तथा रोजगारका क्षेत्रमा पर्याप्त अवसर सिर्जना हुने गरी बजेट निर्माण गर्ने बताए । शितगंगालाई समृद्ध बनाउनका लागि शितगंगा नगरपालिकाको एक्लो प्रयासले मात्रै सम्भव नहुने नगरउपप्रमुख गिता भाटले बताइन् ।

**विपद् व्यवस्थापन गर्न दैनिक ५ रुपैयाँको कोष**

छत्रदेव गाउँपालिका अर्घाखाँचीले आगामी आर्थिक वर्षदेखि 'आफैंबाट सुरू गरौं परिवर्तन यात्रा अभियान' लागु गर्ने भएको छ । छत्रदेव गाउँ सभाको २०औं अधिवेशनमा गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आकस्मिक विपद् व्यवस्थापनका लागि भन्दै यो अभियान सुरू गर्न लागिएको उल्लेख्य गरे । आकस्मिक विपद् व्यवस्थापनमा उपयोग गर्नका लागि प्रत्येक जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीबाट दिनहुँ ५ रुपैयाँ कोषमा संकलन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले बताए । भैपरी आउने विपद् व्यवस्थापन लागि भन्दै गाउँपालिकाले यो अभियान सुरू गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत पाण्डेको भनाइ छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्षमामा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाहलाई जोड दिने बताएको छ ।

छत्रदेव गाउँपालिकाले आ.व.२०८१/०८२ को बजेट असार १० गते ल्याउने तयारी गरिएको गाउँपालिकाका उपाध्यक्ष मनि पन्थीले जानकारी दिइन् ।

# डिजिटल 'इन्भेस्टिगेसन' सीपसम्बन्धी कार्यशाला सम्पन्न




**माधवप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ६ असार

नेपाल पत्रकार महासंघ ललितपुरको आयोजनामा डिजिटल 'इन्भेस्टिगेसन' सीप सम्बन्धी एक दिने कार्यशाला सम्पन्न भएको छ ।

युरोपियन युनियनको आर्थिक सहयोग, इन्टरनेशनल अलर्टको प्राविधिक सहयोगमा नेपाल पत्रकार महासंघ ललितपुरले आयोजना गरेको कार्यशालामा अनलाइनमा रहेका सूचनहरुको सहज रुपमा खोजी गर्ने सीप, प्रकाशित र प्रशारित समाचार तथा सूचनामाथि तथ्य जाँच गर्ने तरिका, एआई प्रविधिको सही उपयोग लगायतका विषयमा पत्रकारहरुलाई जानकारी गराइएको थियो । कार्यशालाको समापनका अवसरमा मन्तव्य राख्दै न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगिता खड्काले प्रविधिको विकाससँगै पत्रकारहरुमा प्राविधिक ज्ञानको पनि विकास हुन जरुरी रहेको बताइन् । 'समाचार लेखनको ज्ञानसँगै डिजिटल प्रविधिको प्रयोग सम्बन्धि ज्ञान हुन जरुरी छ, अहिले प्रविधिको दुनियाँमा प्रविधिको ज्ञानले समाचार संकलनमा सहजता प्रदान गर्नेछ, नयाँ पुस्ताले मात्रै होइन, पुराना अग्रज पत्रकारहरुमा पनि प्रविधिको प्रयोग गरेर समाचाकक्षलाई अझ प्रभावकारी बनाउन आवश्यक भइसकेको छ' उनले भनिन् ।

कार्यक्रममा इन्टरनेशनल अलर्टकी प्रतिष्ठा थापाले नेपालको पत्रकारितालाई प्रविधिमैत्री र प्रभावकारी बनाउन आफूहरुले तालिममा सहयोग गरिरहेको र भोलिका दिनमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने बताइन् । नेपाल पत्रकार महासंघ ललितपुरका अध्यक्ष रामहरि कार्कीको अध्यक्षतामा भएको कार्यशालामा डिजिटल फाउन्डेशनका अध्यक्ष प्रवेश सुवेदी र उमेश श्रेष्ठले सहभागी पत्रकारहरुलाई सहजीकरण गरेका थिए ।

# ७ अस्पतालमा पार्किन्सन्स रोगको उपचार सहुलियतमा हुने



**काठमाडौं/मस–** सरकारले सहुलियतमा पार्किन्सन्स रोगको उपचार सेवा ७ वटा अस्पतालबाट दिने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बागमती प्रदेश र कोशी प्रदेशका ७ वटा अस्पतालबाट सहुलियतमा उपचार सेवा दिने भएको हो । बागमती प्रदेशका वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल, चितवन मेडिकल कलेज र धुलिखेल अस्पताल रहेका छन् । त्यस्तै कोशी प्रदेशका विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र नोबेल मेडिकल कलेजमा पार्किन्सन्स रोगको सहुलियतमा उपचार हुने भएको हो ।

यी अस्पतालमा पार्किन्सन्सका बिरामीलाई औषधी, शैया र प्रयोगशाला सेवा उपलब्ध गराइने छ । यस्ता खालका बिरामीलाई १ लाखसम्मको उपचार खर्च उपलब्ध गराइने छ । यो सेवा प्राप्त गर्न विपन्न बिरामीले स्थायी बसोबास भएको वडाको सिफारिससहित सम्बन्धित अस्पतालमा सर्म्पक गर्न सक्ने छन् ।

## निमित्त प्रमुख प्रशासकीय अधिकृत अख्तियारको नियन्त्रणमा

**पर्सा/मस–** पर्साको बहुदरमाई नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालको टोलीले नियन्त्रणमा लिएको छ ।

योजना स्वीकृत गर्ने, खरिद आदेश गर्ने तथा ठेक्का सम्बन्धी लगायतका काम काजको प्रक्रिया मिचेर आर्थिक चलखेलको गरेको आरोपमा निमित्त प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तवलाई आयोगले नियन्त्रणमा लिएको हो ।

श्रीवास्तवमाथि पदीय मर्यादाको उल्लर्घन गर्दै अनुशासनहीन कार्य गरेर सार्वजनिक रूपमा संस्थालाई बदनाम गराएर आर्थिक अनियमिततामा संलग्न रहेको आरोप लागेको अख्तियारले जनाएको छ ।

श्रीवास्तवलाई वीरगञ्जको बाइपास एरियाबाट कागजपत्रसहित शुक्रबार नियन्त्रण लिएपछि जिल्ला प्रहरी कार्यालय पर्साबाट शान्ति सुरक्षाकोका लागि थप प्रहरी परिचालन गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७५/०६/२५ मा दर्ता भएको श्री **तोमोछा कृषि सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २०१०२७)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


**हार्दिक श्रद्धाञ्जली**

जन्म मितिः
वि.स.१९८८
असार २० गते
**स्व. शेर बहादुर पुरी**
स्वर्गारोहण मितिः
वि.स. २०८२
जेठ २६ गते
हाम्रा आदरणीय दाइ, समाजसेवी, अधिवक्ता तथा रेन्बो ओभरसिज प्रा.लि.का संचालक कमल पुरीका पुजनीय पिताश्री पूर्व प्रधानपञ्च
**शेर बहादुर पुरीको**
स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं । वहाँको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान् होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।
**शान्त बहादुर कुवर (शन्तोष)**
(अध्यक्ष)
**रोटरी क्लब अफ काठमाडौं कलंकी**
**एस एन के फ्यासीलीटीज म्यानेजमेन्ट प्रा.लि.**

यात्रा संस्मरण

# कैलाश मानसरोवरको धार्मिक यात्रा

**चीन स्वशासित तिब्बतको केरूङदेखि कैलाश मानसरोवारको जनिक दार्चेन सहरसम्मको बाटो लोभ लाग्दो, मनमोहक र सहज छ । नेपालतर्फ भने केरुङको बोर्डरदेखि धुन्चेसम्मको रोडको अवस्था हेर्दा, निकै दुःख लाग्छ...**



■ डा. दिबाकर वशिष्ठ



*धार्मिक ग्रन्थहरूमा उल्लेख गरेअनुसार देवका पनि देव आराध्य महादेव र माता पार्वतीको बासस्थान नै कैलाश पर्वत हो । विष्णु र मत्स्य पुराणमा व्याख्या भएअनुसार यस पर्वतका ४ मुखहरू स्पटिक, रुबि, नलिम र स्वर्ण श्रृंगारको प्रतीकको रूपमा अनैकौं रत्नहरूले सुस्वभित मुद्रामा रहेको छ...*

### भूमिका

कैलाश मानसरोवर धार्मिक यात्रा बसमा गर्दा करिब १० देखि ११ दिन लाग्दो रहेछ । यस यात्राको लागत यात्रा गराउने कम्पनी र सो कम्पनीले दिने सुविधाअनुसार फरक-फरक देखियो । यदि ट्राभल्स कम्पनीमार्फत बसद्वारा भ्रमण गर्दा कम्पनी र सोले प्रदान गर्ने सुविधाको आधारमा न्यूनतम प्रतिव्यक्ति रु. १ लाख १९ हजार देखि १ लाख ६० हजारसम्म देखियो भने न्यूनतम करिब ६० हजार नेपाली रुपैयाँको चाइनिज मुद्रा येन सहटी गरी जानुपर्दो रहेछ । यसरी हेर्दा हालको मूल्यमा बस र पैदल मात्रा मात्र गर्दाको प्रति व्यक्ति लागत न्यूनतम ट्राभल्स कम्पनीलाई बुझाउने र पकेट खर्चसहित रु. २ लाखमा यो यात्रा सम्भव देखियो ।

यो धार्मिक यात्रा समुद्री सतहबाट १४०० मी. उचाइमा रहेको काठमाडौंदेखि कैलाश परिक्रमा गर्दाको उच्चतम उचाइमा रहेको डोल्मापास जुन समुद्र सतहबाट ५६३० मी. उचाइमा रहेकोसम्म पर्दो रहेछ । उक्त डोल्मापास भन्ने उच्चतम उचाइको ठाउँमा अक्सिजनको मात्र निकै कम भई मानिसको मृत्युसम्मको जोखिम रहेको हुँदा करिब अधिकतम ५ मी. भन्दा बढी बस्न हुँदैन भन्ने भनाई रहेको पाइन्छ ।

### यात्रा रूट

यस ठाउँमा ट्राभल्स कम्पनीमार्फत बसद्वारा जाँदा पहिलो दिन काठमाडौं पशुपतिबाट टिमुरे १६५ कि.मी., समय करिब६ देखि ७ घण्टा, दोस्रो दिन टिमुरे (बोर्डर नजिक) बाट तिब्बतको केरुङसम्म २४ कि.मी. समय करिब ३ घण्टा, तेस्रो दिन केरुङदेखि सांगासम्म १६९ कि.मी करिब ४ घण्टा लाग्ने रहेछ । यसैगरी, चौथो दिन सागादेखि मानसरोवरसम्म ४६६ कि.मी करिब ८ घण्टा लाग्ने, पाँचौं दिन मानसरोवरदेखि दार्चेनसम्म ४० कि.मी. करिब १ घण्टा लाग्ने रहेछ ।

छैटौं दिन दार्चेनदेखि यमद्वार हुँदै देरापुकसम्म पैदल यात्रा १२ कि.मी करिब ६ घण्टा लाग्ने रहेछ । सातौं दिन देरापुकदेखि जुथुलपुकसम्म २२ कि.मी. करिब ८ देखि १० घण्टाको पैदल यात्रा हुने रहेछ । आठौं दिन जुथुलपुगदेखि दार्चेन हुँदै सागासम्म ४७९ कि.मी करिब ८ घण्टाको बस यात्रा हुने रहेछ । नवौं दिन सागादेखि केरुङसम्म १६० कि.मी समय करिब ४ घण्टा लाग्ने रहेछ । दशौं दिन केरूङदेखि काठमाडौंसम्म १८९ कि.मी करिब ७ घण्टाको यात्रा पूरा गर्न सकिने रहेछ ।

कैलाश परिक्रमाको प्रमुख नाका अथवा विन्दु दार्चेन सहर (४५६० मी.) कैलाश पर्वत, जसलाई शिव जीको वासस्थान रहेको किंवदन्ती छ । पाँचौं दिन उक्त स्थानबाट कैलाश परिक्रमा गर्ने क्रममा करिब ५ कि.मी बस यात्राद्वारा यमद्वार भन्ने ठाउँमा पुगियो र उक्त यमद्वार मन्दिरमा पितृको फोटो अर्पण र दर्शन गर्दै करिब १२ कि.मी.को पैदल यात्राद्वारा डेरापुर भन्ने ठाउँमा पुगी उक्त दिनको यात्रा होटेलमा विश्राम गरियो । जहाँ समुद्र सतहबाट ५२१० मी. उचाइ रहेछ । उक्त ठाउँमा अक्सिजनको निकै कमी हुँदो रहेछ । आसपासका नदीहरूमा पानी हिउँको रूपमा जमेको देख्ने अवसर पाइयो भने नजिकबाट कैलाश पर्वत शिव भगवानको प्रत्यक्ष दर्शन गर्ने मौका मिल्यो । उक्त ठाउँमा यात्रासँगै गएका कतिपय व्यक्तिहरूलाई अक्सिजन दिनुपर्ने अवस्था समेत आयो । केही मानिसहरूको भनाइअनुसार विगतमा उक्त ठाउँमा अक्सिजनको कमी भई मानिसको मृत्युसमेत हुने गरेको जानकारी पाइयो । उक्त कुरा मानिसको दीर्घरोग अथवा स्वास्थ्य अवस्थामा समेत भरपर्दो रहेछ । तसर्थ, सम्बन्धित कम्पनीले यात्रुहरूमा अक्सिजनको कमी नहोस् भनेर सांगादेखि नै दिनको १ चक्ति हाई अल्टिच्युडको औषधिसमेत दिने परिपाटी रहेको पाइयो ।

डेरापुकबाट पुनः परिक्रमा सुरु गरी डोल्पास हुँदै दार्चेनसम्मको यात्रा गर्दा बिचमा बाससहित समावेश गर्दा २२ कि.मी.पैदल हिडर पार गर्न करिब १८ घण्टा लाग्ने रहेछ । यसरी सातौं दिनको बास सबैको पुनः दार्चेन सहरमा हुँदो रहेछ ।

यसरी परिक्रमा गर्नेहरूको संख्या उच्च जोखिमको कारण सम्पूर्ण यात्रुहरूमध्ये करिब १० प्रतिशतले मात्र सफलतापूर्वक सहभागिता जनाउने गरेको देखियो भने अन्य पूर्ण यात्रा नसक्नेहरू डेरापुकबाट नै सक्ने पुनः १३ कि.मि पैदल र नसक्नेहरू ५०० येन भुक्तानी गरी एम्बुलेन्समा फर्कने चलन रहेको पाइयो । यसरी फर्कने क्रममा दार्चेनबाट ८ औं दिन सांगामा बास र ९औं दिन केरूङमा बास बस्दै १०औं दिन करिब बेलुकाको ८ बजे तिर काठमाडौं फर्कन सफल भइयो ।

यो अविस्मरणीय यात्राको क्रममा हामीलाई भ्रमणको व्यवस्थापन गर्ने कम्पनी नमस्ते होलिडेज टुर्स एन्ड ट्रेक प्रा.ली. र उसका कर्मचारीले खाना, बस्न र यात्रु हेरचाहमा पुऱ्याएको सहयोग उत्कृष्ट र अविस्मरणीय रहन गयो । तसर्थ, यस्ता जोखिमयुक्त यात्रा गर्नु अगाडि यात्रा गराउने कम्पनीको छनोटमा विशेष ध्यान पुऱ्याउनु पर्ने अनुभव रह्यो । कैलाश पर्वत र मानसरोवर काललाई परिक्रमा गर्दा भगवान शिवको कृपा प्राप्त हुने, पाप क्षमा हुने र मोक्ष प्राप्ति हुने जनविश्वास रहिआएको छ ।

### मानसरोवर तालको महत्व

भगवान् विष्णुको बास स्थान रहेको पवित्र जलसहित विश्वको सबै भन्दा उच्च स्थान करिब ४५९० मी. र ३२० वर्ग कि.मी. फैलिएको ताल नै मानसरोवर हो । यो ताल भगवान् ब्रह्माको ध्यानबाट उत्पत्ति भएको मानिन्छ । यो कैलाश पर्वतबाट ४० कि.मी दक्षिण दिशामा रहेको छ । पौराणिक कथनअनुसार अमृत सरह मिठास भएको यस पवित्र जलको उत्पत्ति जगतको सृष्टिकर्ता स्वयं ब्रह्माजीले राजश्री भागिरथको तपस्याबाट खुसी भई महादेवले जटाबाट गंगा र मानसरोवर सृष्टि गर्नु भएको पाइन्छ । यस मानसरोवरको सृष्टिसँगै विश्व जगतको सृष्टि र निर्माणको सुरु भएको यहीँबाट भएको किवंदन्ति छ ।

मानसरोवर शब्द मानस तथा सरोवरबाट बनेको जसको अर्थ मनको सरोवर भन्ने बुझिन्छ । किंवदन्तीअनुसार गर्मीयाममा सरोवरबाट हिउँ पग्लेर जल बन्ने अवस्थामा डमरूको ध्वनि सुनिन्छ भन्ने भनाई छ । यस तालमा बिहान ३ बजेदेखि ५ बजेसम्मको प्रातकालिन समयको स्नान प्रभावकारी हुन्छ भन्ने कुरा धार्मिक ग्रन्थहरूले समेत उल्लेख गरेको पाइन्छ । कैलाश पर्वत भगवान् शिव शंकर र मानसरोवर माता पार्वतीको प्रतीकको रूपमा उल्लेख गरेको पाइन्छ । देवि, देवताहरू, सप्त ऋषिहरू मानसरोवरका अलौकिक प्रकाश भएर ब्रह्म मूर्तमा आउने गर्दछन् । मध्यरातको समयमा माता पार्वती तारा (प्रकाश)को भेषमा स्वयम् मानसरोवर तालमा प्रकट भएको अलौकिक दृश्य आज पनि हजारौं यात्रीहरूले अवलोकन गर्ने गरेका छन् ।

मानसरोवर तालमा ३३ सागरको अवशेष रहेको भनाई छ । अलौकिक शक्ति र गुण रहेको यस सरोवरमा अदृश्य कल्पवृक्ष रहेको छ, जसमा आरोग्यताको लागि सम्पूर्ण गुण रहेको शास्त्रहरूमा पनि उल्लेख भएको पाइन्छ । एकाग्र रूपमा यहाँ योग/ध्यान गर्दा अज्ञात हलचल भएको महसुस गर्न सकिन्छ । मानसरोवर तालमा एक पटक डुबुल्की मार्दा सात जन्मको पाप नास हुन्छ र जल सेवन गर्नाले शिवदत्त प्राप्त गर्दछ भन्ने किंवदन्ती रही आएको छ । यो तालसँगै रहेको अर्को राक्षस (रावण) ताल, जसमा लंकाका राजा (शिवको महान् भक्त) रावणले घोर तपस्या गरी भगवान् शिवबाट अमरत्व प्राप्त गरेका थिए । यहाँ कुनै पनि मानव, जीवजन्तु र देवगणहरू राक्षस तालमा प्रवेश गरे पुनः पापको सागरमा डुब्ने छ भन्ने मान्यता रहिआएको पाइन्छ । यही अशुद्ध सरोवर हुँदै बग्ने भएकोले आजसम्म पनि कर्णाली नदीको पूजा गरेको पाइँदैन भन्ने भनाई रहेको देखिन्छ । तसर्थ, यस क्षेत्रमा अवस्थित कैलाशमान सरोवर काललाई धार्मिक र अध्यात्मिकरूपमा संसारकै मुख्य तीर्थस्थल मानिन्छ ।

### कैलाश पर्वतको महत्व

धार्मिक ग्रन्थहरूमा उल्लेख गरेअनुसार देवका पनि देव आराध्य महादेव र माता पार्वतीको बासस्थान नै कैलाश पर्वत हो । विष्णु र मत्स्य पुराणमा व्याख्या भएअनुसार यस पर्वतका ४ मुखहरू स्पटिक, रूबि, नलिम र स्वर्ण श्रृंगारको प्रतीकको रूपमा अनैकौं रत्नहरूले सुस्वभित मुद्रामा रहेको छ । हेम श्रृंग, बैधुत, ककुन्दमान, बरूणा, श्रिंगवान र हिरण्यश्रृंग जस्ता ६ वटा दिव्य पर्वतहरूको बिचमा अवस्थित रहेको यस पवित्र पर्वतलाई कमलको फुलको प्रतीकको रूपमा मानिन्छ । समुन्द्र सतहबाट २१ हजार ७७८ फिटको उचाइ र ५२ कि.मी. परिधिमा फैलिएको यस कैलाश पर्वत आकाश र धर्तीबिचको सम्बन्धको बिन्दु रहेको मान्यता छ । कैलाश सरोवर क्षेत्र विश्व आध्यात्मिक जगतको केन्द्र, जहाँबाट ओमकार ध्वनि प्रादुर्भाव भई विश्व आध्यात्मिक जगतलाई निर्देशित गर्ने कुरा शास्त्रहरूमा उल्लेख छ ।

मत्स्य पुराणअनुसार यस पवित्र क्षेत्रमा यक्ष सेनापति मणिभद्र, मणिधर र धनका मालिक कुवेरको नगरी समेत रहेको वर्णन पाइन्छ । कैलाशबाट निस्किएको भागिरथ गंगा कैलाश पर्वतको चरण स्पर्श गरी धर्तीमा जल प्रवाह गर्दै मानव सृष्टि र सभ्यताको सुरुवात गर्दछ । कैलाश पर्वत ऋंखलाबाट निस्कने ४ नदी प्रवाह सिन्धु, सतलज, ब्रम्हपुत्र, र कर्णाली नदीले विश्व जगतलाई ४ भागमा विभाजित गरेको देखिन्छ । हिन्दु धर्मअनुसार कैलाश पर्वतलाई एक पूरा परिक्रमा गर्दा जीवनको एक चक्र बराबरी, १२ पटक परिक्रमा गर्दा पछिल्लो जन्मसहितको पाप नास हुने र १०८ पटक परिक्रमा गर्दा मानव जीवनबाट नै मोक्ष प्राप्त भई भगवानमा लिन हुनेछ भन्ने पौराणिक मान्यता रहिआएको पाइन्छ । पौराणिक कथाअनुसार देवगण, ऋषीगण, राक्षस गण, रावण भष्मासुर, अन्धकासुर आदिले यही कैलाश मानसरोवरमा तपस्या गरी बरदान प्राप्त गरेका थिए भन्ने भनाइ रहेको छ । बौद्ध धर्मावलम्बीहरू खाँगरीपुन्छे र जैन एवं शिख धर्मावलम्बीहरूको पनि तपोभुमि रहँदै आएको छ ।

### प्राकृतिक दृश्य

एकतर्फी ८६४ कि.मी सवारी साधनको प्रयोग र करिब ५२ कि.मि पैदल यात्राबाट कैलाश मानसरोवरको परिक्रमा गर्न सकिन्छ । काठमाडौंदेखिनै मनोरम प्राकृतिक दृश्यको अवलोकन गर्दै कैलाश मानसरोवर जान सकिन्छ । टोखा शिवपुरी हुँदै जाँदा हरियाली जंगल, झरनाको आनन्द लिँदै स्याप्रुवेशी पुगिने रहेछ । स्याप्रुवेशि देखि टिमुरे हुँदै चिन प्रवेश गर्दाको आतिथ्यताको आनन्द लिँदै हिमाल र धुपी सल्लाले घेरिएको सुन्दर सहर केरूङ पुगिन्छ । केरूङदेखि सांगासम्म विभिन्न मठ, मन्दिर र सुन्दर झर्ना एवं वन्य जन्तुको दृश्य अवलोकन गर्दै ब्रम्हपुत्र नदीको किनारमा रहेको सुन्दर सहर सांगा पुगिन्छ ।

सागादेखि मानसरोवर तालसम्मको यात्रा अझै मनमोहक छ । समथर भू-भाग, नाङ्गा पहाड, फराकिला सडक, हिमाली याक, चौरी गाई र भेडाको बथान, जंगली घोडा लगायतको दृश्यावलोकन गर्दै मानसरोवर ताल पुगिन्छ । मानसरोवर तालमा रूद्राभिषेक, हवन, होम, पितृतर्पण आदि धार्मिक अनुष्ठान समेतमा सहभागी हुने मौका मिल्यो । दार्चेन सहरबाट करिब ५० कि.मी पश्चिम बसमा १ घण्टामा पुगिने तिर्थपुरी यात्रा आफ्नै खर्चमा जाने मौका मिल्यो । यो ठाउँमा शिव भगवानले भष्माशुरलाई भष्म पार्नु भएको किंवदन्ती छ । त्यस ठाउँमा आजसम्म पनि शिवको वाण प्रहारले गर्दा जमिनबाट तातो उम्लेको पानी निरन्तर बगेको देख्न सकिन्छ ।

### बाटोको अवस्था

बाटोको अवस्थाको कुरा गर्दा, चीन स्वशासित तिब्बतको केरूङदेखि कैलाश मानसरोवारको जनिक दार्चेन सहरसम्मको बाटो लोभ लाग्दो, मनमोहक र सहज छ । नेपालतर्फ भने केरुङको बोर्डरदेखि धुन्चेसम्मको रोडको अवस्था हेर्दा, निकै दुःख लाग्छ । साँघुरो र कच्ची रोड, जसको पुनः निर्माणमा देखिएको ढिलाइको कारण दैनिक हजारौं यात्रीले कहाली लाग्दो, कष्टपूर्ण र जोखिमपूर्ण यात्रा गरेको पाइएको हुँदा यसतर्फ सम्बन्धित निकायको ध्यान बेलैमा जानुपर्ने देखिन्छ ।

पुस्तक-समीक्षा

# 'नीलो प्रेम'को गहिराइ



■ घनेन्द्र ओझा



पुरुषोत्तम बजगाईंद्वारा लिखित उपन्यास हो, 'नीलो प्रेम ।' काभ्रेमा जन्मिएर उच्च शिक्षाका क्रममा 'सपनाको देश' अमेरिका पुगेका बजगाईं सूचना प्रविधिका विद्यार्थी हुन् । तीक्ष्ण र मेधावी बजगाईं तर्कशील र अध्ययनशील पनि छन् ।

नयाँ विषयबारे जान्ने उत्सुकता र जिज्ञासा अत्यन्त छ उनमा । जिज्ञासा नै ज्ञानको विस्तृतिको आधार हो, जुन पुरुषोत्तममा छ ।

नयाँ र नौला कामबारे चासो राख्ने र गर्न रुचाउने स्वभाव पनि अर्को लोभलाग्दो पक्ष हो उनको । यही स्वभावले उनलाई पछिल्लो समय साहित्यमा तानेको जस्तो लाग्छ । हुनत उनमा सानैदेखि साहित्य र संगीतप्रति रुचि रहेको उनीबाटै थाहा भएको हो । संगीतमा विशेषगरी गायनमा उनको रुचि देखिन्छ भने साहित्य लेखन विद्यालय जीवनदेखि नै रहेको पाइन्छ । बीचमा औपचारिक अध्ययनका क्रममा समयावभावले हुन सक्छ, उनमा साहित्य लेखन सुस्ताएको पाइन्छ । यद्यपि, पछिल्लो समय उनमा रहेको साहित्यिक हुटहुटी जागृत भएको छ ।

यही जागृत हुटहुटीले 'नीलो प्रेम' जस्तो सुन्दर औपन्यासिक कृति हामी पाठकले उनीबाट पाएका छौं ।

छिरौं 'नीलो प्रेम'भित्र ।

'नीलो' शब्दका अनेक अर्थ छन्/हुन्छन् । नीलो भन्नु गहिरो, फराकिलो, विशाल, अनन्त आदि पनि हो । नीलोले नकारात्मक र अश्लील अर्थ पनि उत्पन्न गर्न सक्छ । तर, यस उपन्यासले दिएको अर्थ नकारात्मक नभएर पूर्णतया सकारात्मक छ । 'नीलो'सँग जोडिएर आएको 'प्रेम'ले पक्कै पनि सकारात्मक अर्थ उत्पन्न गराएको छ ।

यो उपन्यास साँगाको पुलिस स्कुल वरिपरिबाट सुरु हुन्छ । २ किशोर-किशोरीको झरीमा रुझिरहेको अवस्थाको भेटले अनेक मोड लिँदै गहिरो प्रेमसम्म पुऱ्याउँछ । विभिन्न सुन्दर र पर्यटकीय स्थलहरूको भ्रमण गराउँछ पात्रसँगै पाठकलाई पनि । कहिले नगरकोटमा चढाउँछ, कहिले भक्तपुरे जुजु धौ खुवाउँदै पोखरातिर बहकाउँछ भने कहिले बिक्षिप्त मनोदशामा चितवनको उखर्माउलो गर्मीमा भौंतारिने अवस्था उत्पन्न गराउँछ पात्रलाई ।

किशोरवयका केटा-केटीमा हुने स्वाभाविक आकर्षण, हँसीमजाक, रिस, इर्ष्या, घुर्क्याइ आदि सबैजसो चरित्र उपन्यासका पात्रहरूमार्फत अभिव्यक्त गर्न बजगाईं सफल छन् ।

२ युवा-युवतीको प्रेमकथा जस्तो भए पनि 'नीलो प्रेम'मा हामी बाँचिरहेको समाज सिंगै आएको छ । सामाजिक चालचलनका विषय र सन्दर्भ, ग्रामीण समाजका यथार्थ, आवश्यकता, अभाव, दुःखलाई पनि सान्दर्भिक बनाएर प्रस्तुत गर्न सफल छन् उपन्यासकार ।

समाजमा रहेको आर्थिक रवाफ र ढोंगी मानसिकताका कारण कतिपय पवित्र प्रेममा लागेका ठेस पनि उजागर भएका छन्- आकाश र वर्षामार्फत ।

किशोर वा युवा वयमा गरिने प्रणय कामना वा हल्का प्रणय कर्म पनि उपन्यासमा देखिन्छ तर अत्यन्त स्वाभाविक रूपमा । अश्लील र उत्तेजक हुन दिएका छैनन् बजगाईंले आफ्ना पात्रलाई । वर्तमानमा अश्लीलता बढी बिकिरहेको यथार्थमा बजगाईं भने अश्लीलता बेच्ने पक्षमा देखिँदैनन्, यो उनको सुन्दर सचेतना हो ।

'नीलो प्रेम' पुरुषोत्तम बजगाईंको पहिलो कृति हो । पहिलो कृतिबाटै बजगाईंले साहित्यमा गज्जबको 'डेब्यु' गरेका छन् । प्रकाशन भएको २ महिना नबित्दै दोस्रो संस्करण छापिने अवस्था आउनु यसको सबल प्रमाण हो ।

वास्तवमै 'नीलो प्रेम' साँच्चै पठनीय छ । किशोर वा युवा वयका पात्रलाई लिएर बुनिएका कथामा हरेक उमेर समूहका पाठकले आफ्नै विगत, आफ्नै अनुहार र आफ्नै भोगाइ अनुभव गर्न सक्छन्, जुन लेखकको गज्जबको लेखकीय खुबी हो । यो उपन्यास पढ्दै गर्दा हरेक पाठक 'नोस्टाल्जिक' बन्छ । उसले आफ्नो किशोरावस्था, युवावस्था झलझली सम्झिन्छ ।

प्रायः हरेक पुरुष वा महिलाका विगतहरू, उमेर र यौवनहरू एकैनासका मनोद्वेग, सोच र आवश्यकताले गुज्रिएका हुन्छन् हाम्रो जस्तो परिवेशमा । त्यही अवस्थालाई टिपेर आकाश र वर्षा २ पात्रलाई केन्द्रमा राखेर निकै सुन्दर र सशक्त उपन्यास लेखेका छन् पुरुषोत्तमले ।

'नीलो प्रेम' नेपाली आख्यान साहित्यको पछिल्लो महत्त्वपूर्ण प्राप्ति बनेको छ । पहिलो कृतिबाटै सशक्त छाप छाड्न सफल पुरुषोत्तम बजगाईंबाट अझ उत्कृष्ट र सशक्त कृतिको अपेक्षा गर्न सकिन्छ ।

इन्डिगो इन्कले प्रकाशन गरेको 'नीलो प्रेम'को मूल्य ७९९ रुपैयाँ छ ।

अँ, साँच्ची नि पुरुषोत्तमजी ! आकाशले वर्षालाई भेटे कि भेटेनन् ? अथवा तपाईंको भेट आकाश दाइसँग भइसक्यो कि भएको छैन ? थाहा दिनुहोस् ल ! हामी पाठकलाई यस्तो व्यग्रता र छटपटीमा कहिलेसम्म राख्ने ?

कविता

## पछुताउनुको विकल्प रहने छैन



शैलेन्द्र थापा

सपनाका बेर्ना उमारेर
हावामा बाली लगाई
महलको उपरि तलामा बसेर
फसल उठाउनेहरूबाट
मेरो देशमा
शान्ति र समृद्धि अपहरण भएको
शताब्दी नाघिसकेको छ
यहाँ भइरहेका स्थानीय वा परम्परागत
तन्त्र नामका नस्लहरूबाट
लयालु र दुधालु बाच्छा बाच्छिहरू
उत्पादन हुन नसकेको ठहर गर्दै
सुधार गर्ने उद्देश्य राखेर
गणतन्त्र नामको उन्नत साँडे
गोठमा भित्र्याए पछि
नवीनताको अनुभूति होला भन्ने
झिनो आशा पनि त्यतिबेला मरेर गयो
जति बेला
साँढेले सिँगौरी खेलेर
गोठ, चरन र बचेखुचेको आली बाली
ध्वस्त बनाउन थाल्यो
अब त यस्तो लाग्न थाल्यो
साँढेको झर्ला र खाउँला भनेर
पछि लागेको स्याल
भोकको वेदनामा छटपटिएर
मरणासन्न भएपछि
किम् किंकर्तव्यविमूढ
बाटामा लम्पसार परेर
देह त्याग गरेको कथा
यहाँ पुनरावृत्ति हुँदै छ
अति सर्वत्र वर्जित हुन्छ
जो यो बुझ्दैन कुना पसि रुन्छ
उखान बुझेर
साँढेको छाडापनको भ्रूणबाट
निरंकुशता जन्मिन नदिने हो भने
त्यस्तो भ्रूण तुहाउनु जरुरी छ
अन्यथा पछि पछुताउनुको
विकल्प रहने छैन
यहाँ निरंकुशताका खेतालाले
त्यो संकेत देखाइ सकेका छन् ॥

## चार मुक्तक



गणेश लोहनी

१.
आँखाबाट मुटुमा घुस्छ, चाट्छ, चुस्छ, ठगेर जान्छ
सपनाको भारी बोकाउँछ, खुसी सारा लगेर जान्छ
भँगालोझैँ छुट्छन्, सँगी घडा सरी भरिन्छन् सन्तति
पानी जस्तै रहेछ माया, तलतिर मात्र बगेर जान्छ ॥

२.
सँगसँगै खेल्दै हुर्क्यौं, रमाइलो दिनरात थियो
आँसु झर्दा पुछिदिने, न्यानो तिम्रो हात थियो
म कुटिएँ, तिमीले पनि अनाहकमा गाली खायौ
प्यारो साथ छुटाउने मानव निर्मित जात थियो ॥

३.
विषको वृक्षमा अमृत फलाउन अघि सर्दै छौ
काखमा राखी गला रेट्नेहरूकै शरण पर्दै छौ
घाउमा नुनचुक छर्कन लाम बद्ध छ दुनियाँ
व्यर्थै मलहम लगाइदिनेहरूको खोजी गर्दै छौ ॥

४.
परिवर्तनको उभार आयो, जो भयो ठिकै भयो
कथनी पनि झोपडीका सपना माफिकै भयो
लोभ्यायो हरियो घाँसले पशुलाई लोभ्याएझैँ
नतिजा खोइ कता'गो ? तमासा मदारीकै भयो ॥

# सूर्योदय, चिया र सौन्दर्यले भरिएको इलाम

**बालकुमारी घिमिरे (पुनम)/मध्यान्ह**
इलाम, ६ असार



पूर्वी नेपालको प्राकृतिक सौन्दर्यले भरिएको जिल्ला इलाम 'सूर्योदयको जिल्ला' भनेर चिनिन्छ। यहाँको श्रीअन्तु डाँडाबाट उदाउँदै गरेको सूर्य हेर्न देश-विदेशबाट पर्यटक पुग्ने गर्छन्। प्रकृतिको अनुपम दृश्य, हिमशृंखलाको चमक र हरियाली चियाबगानले यहाँलाई विशिष्ट पर्यटकीय गन्तव्य बनाएको छ।

इलामबजारकी इन्दिरा घिमिरेका अनुसार, दार्जिलिङको टाइगर हिलभन्दा श्रीअन्तुबाट देखिने सूर्योदय प्रष्ट र दीर्घकालीन हुन्छ। इलाम आइपुगेका पर्यटकलाई थप जानकारी र मार्गनिर्देशन दिन इलामबजार र श्रीअन्तुमा सूचना केन्द्रहरू सञ्चालनमा छन्।

प्रकृति, पर्यटकीय स्थल र चियाको राजधानी

इलामको पर्यटकीय पहिचानसँग गाँसिएका प्रमुख गन्तव्यहरूमा श्रीअन्तु, माइपोखरी र सन्दकपुर पर्छन्। यीमध्ये कुनै नपुगी फर्किने हो भने इलामको यात्रा अधुरो ठहरिन्छ, भन्छिन् पञ्चकन्या निवासी सविता राई।

चियाको राजधानीका रूपमा समेत चिनिने इलाममा हाल १,६६५ हेक्टर क्षेत्रमा चिया खेती हुँदै आएको छ। यद्यपि, कुल १०,६०० हेक्टर जमिन चिया खेतीका लागि उपयुक्त छ। इलाम चिया उत्पादन मात्र होइन, अन्य नगदे बालीका लागि पनि चिनिएको छ।

इलाम अदुवा, अलैंची, अम्लिसो, अकबरे खुर्सानी, ओलन र आलु उत्पादनमा पनि अग्रणी छ। यी 'अ' अक्षरले सुरु हुने नगदेबालीले यहाँका किसानको जीवनस्तर सुधार गरेको छ। किसानहरू भन्छन्-'इलामका भीरपाखा र खोल्सामा पनि पैसा फल्छ।'

कृषिजिविकाका हिसाबले इलामको उत्पादन विविध छ। यहाँका किसान स्कुस, चिराइतो, घिउसिमी, नासपाती, घिउ, बाँस, चीज, छुर्पी, फूल, सुन्तला र नेपाली कागजजस्ता वस्तु बिक्री गरेर राम्रो आम्दानी गरिरहेका छन्।

पञ्चकन्याका किसान विक्रम राई भन्छन्, 'हाम्रो गाउँका धेरै किसानले वर्षमा दुई लाख रुपैयाँ बराबरको इस्कुस मात्रै बेच्ने गरेका छन्।' कन्याम, पञ्चकन्या, कोल्बुङ, पशुपतिनगर, जिर्मले र प्याङ इलामका प्रमुख इस्कुस उत्पादन केन्द्र हुन्।

इलाममा दुर्लभ रातो पाँडा देख्न सकिने भएकाले पनि यो क्षेत्र पर्यटकको आकर्षणमा परेको छ। विभिन्न प्रजातिका लालीगुराँसले यहाँको वनस्पतिको सौन्दर्य अझ बढाएको छ। वनभोज तथा शैक्षिक भ्रमणका लागि इलाम रोज्ने विद्यार्थी, शिक्षक र युवा-युवतीको संख्या दिनप्रतिदिन बढ्दो छ।

गाउँखाने कथामा समेत इलामको चर्चा हुने गरेको छ, जहाँ सौन्दर्य, संस्कृति र सम्भावनाले गाउँ माग्ने मन बनाइदिन्छ।

# बाढीले बस बगायो, ३८ यात्रुको सकुशल उद्धार

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, ६ असार



पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल खण्डको विनयी त्रिवेणी गाउँपालिका-१ विनयी खोलामा आएको बाढीले यात्रुवाहक बस बगाएको छ।

विनयी खोलामा आएको आकस्मिक बाढीले यात्रुवाहक बस बगाउँदा त्यसमा सवार ३८ यात्रुको भने सकुशल उद्धार गरिएको छ।

काठमाडौंबाट नेपालगञ्जतर्फ जाँदै गरेको भे१ख ४०८५ नम्बरको बसलाई बिहीबार राति बाढीले बगाएको इलाका प्रहरी कार्यालय दुम्कीबासका प्रमुख प्रहरी निरीक्षक राजन तिमिल्सेनाले जानकारी दिए।

विनयी खोलाको नयाँ डाइभर्सनबाट बस गुडिरहेको बेला एक्कासी आएको बाढीले बस बगाएको उनले बताए। बसमा सवार तीन जना शिशुसहित ३८ जना यात्रुहरूलाई रातभरि चलेको उद्धार कार्यमार्फत सुरक्षित निकालिएको हो।

ट्राफिक प्रहरी कार्यालय, नवलपुरका अनुसार उद्धार कार्यका लागि एक्साभेटरको प्रयोग गरिएको थियो। उद्धारमा स्थानीय बासिन्दा, प्रहरी र ट्राफिक टोलीले सक्रिय सहभागिता जनाएका थिए। वर्षाका कारण खोलामा आएको आकस्मिक बाढीले बस बगाएको प्रारम्भिक अनुमान गरिएको छ। यस्ता जोखिमपूर्ण स्थानमा सतर्कता अपनाउन ट्राफिक प्रहरी कार्यालयले आग्रह गरेको छ।

# गुर्भाकोट पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ६ असार

सुर्खेतको गुर्भाकोट नगरपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा भएको छ। नगरपालिकामा शुक्रबार एक कार्यक्रमको आयोजना गरी पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको हो।

'स्थानीय स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने मूल नाराका साथ नगरपालिका खोप समन्वय समितिको आयोजनामा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख पूर्ण बहादुर घर्तीले बताए।

उनले पूर्ण खोपयुक्त पालिका सुनिश्चितता घोषणा गर्नुअघि नगरपालिकाको प्रत्येक घरधुरीमा स्वास्थ्यकर्मीहरू पुगेको, पूर्ण खोप सुनिश्चितताका लागि घरधुरी सर्वेक्षण गरिएको र सर्वेक्षणको क्रममा खोप लगाउन छुट भएका १७ जना बालबालिकालाई खोप लगाएर पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको जानकारी दिए।

कार्यक्रममा बोल्दै नगर प्रमुख हस्त पुनले उत्साह र उमंगका साथ काम गरेकाले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको र यसलाई निरन्तरता दिन सक्नु नै ठूलो विषय भएकाले आगामी दिनमा पनि अभियानकै रूपमा सञ्चालन गर्न आवश्यक रहेको बताए। सो अवसरमा उनले खोप सुनिश्चितता घोषणा गर्न सहयोग गर्ने सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिँदै खोपले बालबालिकामा विभिन्न रोगबाट बच्ने प्रतिरोधात्मक क्षमता बढ्ने भएकाले खोपबाट बालबालिकालाई वञ्चित गराउन नहुने बताए।

सबै वडालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको र हाल सोही तथ्यांक र सूचकका आधारमा पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको उनको भनाइ छ। उनकाअनुसार हालसम्म सुर्खेतका ९ पालिकामध्ये ४ वटा पालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा भइसकेका छन्। गुर्भाकोट नगरपालिका समग्र जिल्लामा चौथो र नगरपालिकामा गुर्भाकोट नगरपालिका दोस्रो पालिका हो।

# सिरहामा मोटरसाइकल र साइकल ठोक्किँदा ३ जनाको मृत्यु

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ६ असार



सिरहा नगरपालिका-१८ लक्ष्मीनियास्थित हुलाकी सडक खण्डमा मोटरसाइकल र साइकल एकआपसमा ठोकिँदा ३ जनाको मृत्यु भएको छ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश २-०१००३प ३२३० नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्वतर्फ आइरहेको साइकल एकापसमा ठोक्किँदा गम्भीर घाइते भएका तीनै जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डीएसपी वीरेन्द्र कुमार पासवानले जानकारी दिए।

मृत्यु हुनेहरूमा सिरहाको कल्याणपुर नगरपालिका-२ बेल्हाका २४ वर्षीय प्रदीप मुखिया, कल्याणपुर-१२ का २२ वर्षीय नरेश मुखिया र सिरहा नगरपालिका-२ का ४५ वर्षीय कुसे राय रहेका छन्। राय साइकल यात्री हुन्।

दुर्घटनामा गम्भीर घाइते भएका तीनै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा लगिएको थियो। तर, चिकित्सकले सबैलाई मृत घोषणा गरेका थिए। मृतकहरूको शव पोष्टमार्टमका लागि अस्पतालमा राखिएको छ, भने प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

# जिप दुर्घटनामा ३ जनाको मृत्यु



**डोटी/मस-** डोटीको आदर्श गाउँपालिकामा जिप दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ। दुर्घटनामा ६ जना घाइते भएका छन्।

दिपायलबाट आदर्श गाउँपालिका-७ दहकालिकातिर जाँदै गरेको सु प्र प्र ०१००१ ज१३९५ नम्बरको जिप शुक्रबार आदर्श गाउँपालिका-१ दोबाजमा दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

दुर्घटनामा सायल गाउँपालिका-४ सुण्डकी ४१ वर्षीया देवी विक, जिप चालक आदर्श गाउँपालिका-७ दडिमानाका २७ वर्षीय सुरेश कार्की र सायल गाउँपालिका-६ कटुवाल गाउँकी ३५ वर्षीया काली कटुवालको मृत्यु भएको छ। दुई जनाको घटनास्थलमा र कालीको जिल्ला अस्पताल डोटीमा उपचारका क्रममा मृत्यु भएको हो।

जिप मोडमा अनियन्त्रित भइ सडकबाट अन्दाजी २५० मिटर तल खस्दा २ जनाको घटनास्थलमै मृत्यु भएको हो।

जग्गा ठगी प्रकरण

# दुर्गा भगवती गाउँपालिकाका पूर्वअध्यक्षविरुद्ध पक्राउ पुर्जी जारी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ असार



रौतहटको दुर्गा भगवती गाउँपालिकाका पूर्व अध्यक्ष अरुण साहविरुद्ध जिल्ला अदालत गौरले पक्राउ पूर्जी जारी गरेको छ। जग्गासम्बन्धी ठगी मुद्दामा अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय गरुडाको निवेदनपछि अदालतले पूर्जी जारी गरेको हो।

प्रहरीका अनुसार साहसहित तीन जनामाथि १ करोड ४३ लाख ५० हजार रुपैयाँ बराबरको ठगी गरेको आरोप लागेको छ। पीडित सन्तोष कुमार चौधरीले काठमाडौंको नागार्जुन नगरपालिका ४ निवासी विमला देवी श्रेष्ठ र धिरज श्रेष्ठसँग सर्लाही जिल्लाको हरिपुर ७ मा रहेको जग्गा खरिद गर्ने सम्झौता गरेका थिए।

सम्झौता अनुसार चौधरीले नगद तथा चेकमार्फत किस्ताबन्दीमा उक्त रकम बुझाएका थिए। पूर्वअध्यक्ष साहले १० लाख रुपैयाँ लिएर चौधरीको नाममा जग्गा पास गराइदिने आश्वासन दिएका थिए।

चौधरीले आफ्ना ससुरा प्रभन्य चौधरीको नाममा रहेको बैंक खाताबाट २०८१ साल भदौ १९ गते अरुण साहलाई चेकमार्फत भुक्तानी गरेका थिए। तर,लगातारको आलटाल र असहयोगका कारण आफू ठगीमा परेको भन्दै उनले गत जेठ १३ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दर्ता गरेका थिए। प्रहरी नायब उपरीक्षक राजन कार्कीका अनुसार मुख्य अभियुक्तहरूसहित पूर्वअध्यक्ष साहविरुद्ध पनि ठगी अभियोगमा कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

जिल्ला अदालत गौरबाट पक्राउ पूर्जी जारी भइसकेको डिएसपी कार्कीले जानकारी दिए। प्रहरीले तीनै अभियुक्तलाई कानूनी प्रक्रियाअनुसार पक्राउ गर्ने तयारी गरिरहेको प्रहरीले बताएको छ। उक्त प्रकरणमा थप अनुसन्धान जारी छ।

# भन्सार छलेर ल्याइएका सामान बरामद



**पश्चिम नवलपरासी/मस-** पश्चिम नवलपरासीको प्रतापपुरमा ईलाका प्रहरी कार्यालय बेलाटारी तथा मातहत प्रहरी टोलीको संयुक्त गस्तीले भन्सार छली गरी अवैधरूपमा नेपाल भित्र्याइएका सामानहरू बरामद गरेको छ।

प्रहरीका अनुसार शुक्रबार दिउँसो प्रतापपुर गाउँपालिका-०७, जगन्नाथपुरस्थित क्षेत्रमा छापा मार्दा डेक्ची (ठूला-साना) ३६ वटा, टेन्ट डण्डी ३२ पिस, सर्भिङ प्लेट १८ वटा, बाटा १९ वटा र टेन्ट पर्दा १६ पिस गरी कुल अन्दाजी दुई लाख दश हजार आठ सय रुपैयाँ बराबरको सामान बरामद गरेको हो।

उक्त सामानहरू वेवारिसे अवस्थामा भेटिएको र अवैध रूपमा नेपाल भित्र्याइएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। बरामद सामग्रीहरूलाई आवश्यक कारबाहीका लागि महेशपुर भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक बीर दत्त पन्तले जानकारी दिए।

# विद्यार्थीलाई स्टेस्नरीसहितको झोला वितरण



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ६ असार

बर्दियाको गेरुवा गाउँपालिका वडा नं ४ जोधिपुरमा रहेको सरस्वती आधारभूत विद्यालयका विद्यार्थीहरुलाई छात्रवृत्ती स्वरूप स्टेस्नरीसहितको झोला वितरण गरिएको छ। गाउँपालिकाको समन्वय तथा प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (वि ग्रुप) को साझेदारीमा सञ्चालित बालविवाह न्यूनीकरण परियोजना अन्तर्गत स्टेशनरीसहितको झोला वितरण गरिएको हो।

लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले विद्यालयका गरिब, विपन्न परिवारका जेहेन्दार १ सय १० जना छात्रछात्रालाई १ लाख ६० हजार ५० रुपैयाँ बराबरको झोलासहितको स्टेसनरी सामग्री वितरण गरेका थिए।

परियोजना अन्तर्गत गेरुवा गाउँपालिकाका विभिन्न विद्यालयमा गरी ४ सय ७५ जना छात्रछात्रालाई ६ लाख ९१ हजार एक सय २५ रुपैयाँ बरावरको झोलासहितको सामग्री वितरण गरिएको परियोजनाकी फिल्ड सुपरभाइजर मिना शर्माले बताइन्।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
ओखलढुंगा
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८२/०३/०७

यस कार्यालयको मिति २०८२/०२/०७ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र कम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| S. N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-LSTB-29-2081/082 | Supply, Fabrication, Erection, Transportation and Construction of Ramchekhokseli Long Span Trail Bridge (LSTB) Si. Na. Pa.-1, Okhaldhunga Through Construction Turnkey Package (CTP) | B. Lama Nirman Sewa, Daraunepokhari, Kavre, Nepal | NRs. 1,18,65,000.00 |
| 2 | IDO-OKHAL-NCB-LSTB-30-2081/082 | Supply, Fabrication, Erection, Transportation and Construction of Molung khola Long Span Trail Bridge(LSTB) Molung 2-4, Okhaldhunga Through Construction Turnkey Package (CTP) | Juction Nirman Sewa & Suppliers Pvt.Ltd., Sisne-2, Rukum East, Nepal | NRs. 1,16,39,000.00 |

Office Chief

# 'मोहर' : अन्धविश्वासविरुद्धको आवाज



**काठमाडौं/मस–** आगामी साउन २३ मा प्रदर्शन हुने चलचित्र 'मोहर'ले देवीदेवताको सेवाका नाममा कन्या बालिकालाई 'देउकी' बनाउने जस्ता अन्धविश्वासविरुद्ध जनचेतना जगाउने लेखक तथा निर्देशक ओम प्रतीकले जानकारी दिएका छन्।

कमलपोखरीस्थित एक चलचित्र भवनमा चलचित्रमा समावेश शीर्ष गीतको श्रव्यदृश्य सार्वजनिक गर्न आयोजित कार्यक्रममा निर्देशक प्रतीकले बालिकामाथि हुने परम्परागत सामाजिक हिंसाका घटनालाई चलचित्रले निरुत्साहित गर्ने संदेश प्रवाह गर्ने बताए।

उनले भने, 'मेरो जानकारीमा भएसम्म विसं २०७९ सम्म देउकी प्रथा चलेको छ। त्यसकारण पनि आजकै शैलीमा उक्त कथालाई भनेका छौं। अहिले विभिन्न बहानामा बालिका माथि हुने गरेको हिँसालाई बन्देज गर्नुपर्छ भन्ने संदेश चलचित्रले प्रवाह गर्छ। यो मनोरञ्जनसँगै सामाजिक विकृतिलाई उठान गरिएको चलचित्र हो।'

उनले चलचित्रका माध्यमले धेरै तथ्यलाई बुझाउन सहज भएकाले 'मोहर'को विषयवस्तु छनोट गरेको जानकारी दिए। चलचित्रमा पल शाह, बेनिशा हमाल, निती शाह, अर्जुनजंग शाही, मिस पबि लगायतका कलाकारले अभिनय गरेका छन्। सामाजिक यथार्थ र विद्रोह मिसिएको कथावस्तुमा बनेको 'मोहर' ले दर्शकलाई निराश बनाउने अभिनेत्री शाहले बताए।

'यसले मनोरञ्जनसँगै हाम्रो एउटा दुःखद परम्परालाई समेटेको छ। यो चलचित्र हेरेपछि महिला वा बालिकालाई हुने हिँसा थोरै भएपनि घट्छ भन्ने विश्वास छ,' उनले भने। चलचित्रमा भुपेन्द्र अधिकारीले सम्पादन, दिपेन बस्न्यातले छायांकन, रामजी लामिछाने र कविराज गहतराजको नृत्य निर्देशन तथा कुमार महर्जनको द्वन्द्व निर्देशन रहेको छ।

'माग्ने राजा' ६ भदौमा

# केदार घिमिरेले लिए ६१ लाख पारिश्रमिक




**काठमाडौं/मस–** फिल्म 'माग्ने राजा'ले प्रदर्शन मिति घोषणा गर्दै शुक्रबार फर्स्टलुक पोस्टर सार्वजनिक गरेको छ। काठमाडौंको प्रज्ञा प्रतिष्ठान डबलीमा आयोजित विशेष कार्यक्रममा अभिनेता केदारप्रसाद घिमिरे 'माग्ने बुढा'को उपस्थितिमा तीन वटा फरक पोस्टर सार्वजनिक गरियो। सोही अवसरमा फिल्म आगामी भदौ ६ गतेबाट देशभर रिलिज हुने जानकारी दिइयो।

पोस्टरमा माग्ने बुढाको गेटअपमा देखिएका केदार प्रसाद घिमिरे कुर्सीमा पैसासहितको रिसाहा मुद्रामा छन्। उनको पहेँलो सर्ट, सुनले भरिएको औंठी र गहना र आत्मविश्वासपूर्ण मुद्राले फिल्मको पात्र 'धनाढ्य माग्ने राजा' भएको संकेत गर्छ। अर्को पोस्टरमा केदारसँगै अभिनेत्री वर्षा सिवाकोटी सुटकेस बोकेर र अभिनेता विल्सन विक्रम राई पैसा समातेर खुसी मुद्रामा देखिएका छन्। तेस्रो पोस्टरमा भने केदार र वर्षालाई पैसाको बन्डलसहित अचम्मित मुद्रामा प्रस्तुत गरिएको छ, जुन पोस्टर केही दिनपछि मात्र सार्वजनिक गरिने जनाइएको छ।

कार्यक्रममा अभिनेता केदारसहित वर्षा सिवाकोटी, विल्सन विक्रम राईलगायतका कलाकारहरूले पत्रकारहरूसँग संवाद गर्दै फिल्मको कथावस्तु, भूमिकाबारे जानकारी दिए। निर्देशक ऋषि लामिछानेका अनुसार फिल्म एउटा सामान्य व्यक्तिको धनी बन्ने महत्वाकांक्षाको कथामा आधारित छ। फिल्मको कथा सामीप्यराज तिमल्सिनाले लेखेका हुन् भने छायांकन नरेन्द्र मैनालीको छ। गीतमा दीपक शर्मा र बाबुल गिरीको संगीत रहेको छ।

फिल्मका निर्माता मुनाल घिमिरेले कार्यक्रममा अभिनेता केदार घिमिरेलाई दिएको पारिश्रमिक खुलासा गर्दा उपस्थित धेरै दर्शक र पत्रकार चकित परे। उनका अनुसार माग्ने बुढालाई फिल्मका लागि ६१ लाख रुपैयाँ पारिश्रमिक दिइएको हो। 'मैले सम्झौताको बेला उहाँलाई ५१ लाख दिइसकेको छु, अझै १० लाख दिन बाँकी छ,' घिमिरेले प्रज्ञा प्रतिष्ठानको डबलीमा भने।

निर्देशक लामिछानेले केदारको योगदानको प्रशंसा गर्दै ६१ लाख पनि कम भएको बताए। 'उहाँ जस्तो समर्पित र मेहनती कलाकारलाई एक करोड दिनुपर्ने रहेछ,' उनले भने, 'राति ११ बजे पनि स्क्रिप्ट छलफलका लागि आउनुहुन्थ्यो। त्यो समर्पण दुर्लभ हो।' 'माग्ने राजा' मा केदार, वर्षा र विल्सनसँगै पुष्कर गुरुङ, शिशिर वाङ्देल, शारदा गिरी, पवित्रा साकी (मिस पबी) र विशेष भूमिकामा आर्यन सिग्देलले अभिनय गरेका छन्।

# मोडलिङबाट चम्किएकी जुना

**उत्तम कार्की/मध्यान्ह**
काठमाडौं, ६ असार

प्रसिद्ध अमेरिकी लेखक, दार्शनिक, अभियन्ता तथा इतिहासविद् हेनरी डेभिड थोरोले भनेका छन्- 'तपाईं आफू नराम्रो छु भन्ठान्नु पर्दैन, कसै न कसैका लागि धपक्क बलेको हुनु हुनेछ।' हुन पनि कोहीको नजरमा नराम्रो देखिएको त्यही व्यक्ति अरू कसैको नजरमा भने सुन्दर/सुन्दरी हुन्छ। यस अर्थमा राम्रो र नराम्रोको कुनै मापदण्ड हुँदैन। तर, मानव स्वभाव न हो ऊ कहिल्यै पूर्ण सन्तुष्ट हुँदैन। फेरि आफूसुहाउँदो पहिरनमा चिटिक्क पर्ने, आकर्षक देखिने चाहना कुन मानिसमा नहोला र ? तर, अफसोच सबैले चाहेर यस्तो रहर पूरा हुँदैन। कतिको शारीरिक बनावटले साथ दिँदैन त कतिपयको पहिरन र कलाले। यद्यपि उनलाई भने सबै पक्षले उच्च समर्थन जनायो। र त पेशागतरूपमा नै यसै क्षेत्रमा समर्पित भएकी हुन्। नयाँ पुस्ताकी लोकप्रिय मोडल तथा कलाकार जुना कार्कीको कलाकारिता कहानी हो यो।

जुनाको जन्म विक्रम सम्वत् २०५७ पुस १४ गते महोत्तरी जिल्लाको हालको बर्दिबास नगरपालिका-३ मा ढोडबहादुर कार्की र जानुकाका २ छोरी तथा १ छोरामध्ये दोस्रो सन्तानको रूपमा भएको हो। उनको दिदी मुना अनि भाइ खोमकुमार छन्। 'हुने बिरुवाको चिल्लो पात' भनेझैं सानैदेखि जिज्ञासु स्वभाव र तीक्ष्ण बुद्धिकी जुनाको बाल्यकाल साथीसंगीको तुलनामा सुखद्-पृथक् रह्यो। आफ्नै समकक्षीभन्दा अतिरिक्त भयो पहिलेदेखिकै सोच, सोख अनि सपना पनि। अध्ययनका अतिरिक्त कलाकारिता र सौन्दर्यमा विशेष ध्यान दिने उनले त्यतिबेलै आफ्नो भविष्यको गन्तव्य पहिल्याउन थालेकी हुन्- जतिबेला भर्खरै ६/७ वर्षीया थिईन्।



'म सानैदेखि कलाकार बन्न रुचाउथें। घर बस्दा होस् या विद्यालय जाँदा वा बाहिरफेर कतै निस्कँदा नै किन नहोस्- आफूलाई 'स्वीट' देखाउन चाहन्थें। त्यसैले शरीरसुहाउँदो पहिरन लगाउनेमात्रै होइन- त्यहीअनुसार मिल्दो श्रृंगार पनि गर्दथें' जुना आफ्नो बाल्यकाल स्मरण गर्छिन्- 'त्यही भएर होला- सबैतिर मेरो कलाको प्रशंसा हुन्थ्यो।' हुन पनि त्यतिबेलादेखि अहिलेसम्म उनको यो विशेषतामा कुनै क्रमभंग भएको छैन, बरु समयानुकूल थप परिमार्जित छ।

पहिलेदेखि नै आफ्नो कर्तव्यप्रति जागरुक जुनालाई त्यस्तै ३/४ वर्षको उमेरमा घरनजिकै रहेको तत्कालिन श्री राष्ट्रिय सरस्वती माध्यमिक विद्यालय, कालापानीमा भर्ना गरियो। अध्ययनमा अब्बल उनले २०७२ सालमा राम्रो अंक ल्याएर त्यहाँबाटै एसएलसी पास गरिन्। अब भने जुना उच्च शिक्षा अध्ययनसँगै औपचारिक रूपमै कलाकारितामा जम्ने मिठो सपना सँगालेर काठमाडौं भित्रिइन्। र, पाइला अघि बढाईन्। कपन बहुमुखी क्याम्पसमा भर्ना भएपछि मोडलिङ/कलाकारिता क्षेत्रसँग सम्वन्धित केही सैद्धान्तिक-व्यवहारिक ज्ञान हासिल गरिन्। त्यसपछि यही क्षेत्र-पेशामा पूर्ण प्रतिवद्ध भएर लागिन्।

थप अध्ययनसँगै जुनाले व्यक्तिचित्र, बृत्तचित्र, विज्ञापन र फेसन सो आदिमा कला देखाउन थालिन्। त्यसमा राम्रो सफलता हाता लागेपछि थप माझिन सुरुमा सहायक मोडल/कलाकारहुँदै म्युजिक भिडियोको क्षेत्रमा प्रवेश गरिन्। त्यही मेसोमा छोटो समयको अन्तरालमा उत्कृष्ट म्युजिक भिडियोमा राम्रो मोडलका रूपमा स्थापित भइन्। विगत ६/७ वर्षयता भने उनी व्यवसायिक रुपमै मोडलिङ र कलाकारिता जगत्मा समर्पित छिन्।

उसो त कलाकारिताप्रति जुनाको समर्पण सानैदेखिको हो। विद्यालयमा हरेक शुक्रवार आयोजना हुने अतिरिक्त क्रियाकलापमध्ये गायन, नृत्य र अभिनयमा अनिवार्य सहभागिता जनाएर उत्कृष्ट हुने विद्यार्थीमा पर्थिन् उनी। 'ममा कलाकार अझ विशेषतः मोडल/नायिका बन्ने चाहना बच्चादेखि नै जागेको हो। गाउँघरको पूजाआजा, बिहेबटुलो, चाडबाड आदिमा जसरी पनि पुग्थें र नाचगान गर्दथें' जुना आफ्नो विगत नियाल्छिन्- 'कक्षा ८ सम्म पुग्दा विद्यालयको साँस्कृतिक कार्यक्रममा प्रथम भइरहन्थें। अनि १० मा पुग्दा त विद्यालय, अन्तरविद्यालय, क्षेत्रस्तरीय, जिल्लास्तरीय, अञ्चलस्तरीय आदिमा समेत विजेता अनि सर्वोत्कृष्ट कलाकारका रूपमा धेरै सम्मान-पुरस्कार पाइरहें। त्यसले ममा थप हौसला बढायो। र त कलाकारिता क्षेत्रमा अनवरत रूपमा दौडिरहेको छु, रमिरहेको छु।'

परिणामत यस रफ्तारमा जुनाले तीन सयबढी म्युजिक भिडियोमा आफ्नो क्षमता देखाइसकेकी छिन्। उनले मोडलिङ गरेको चर्चित म्युजिक भिडियोमा 'यो दुनिया त बेग्लै भए', 'झरी', 'छुट्दा आँसु खसे', 'नवलपुरैमा', 'हरपल म तिम्रै', 'पूर्वलाई पश्चिम सारौं कि', 'हेटौंडा मयुरधाप', 'दिउँला चिनो', 'शत्रु हसायौ', 'ढुंगे छपनी', 'एउटै चाहाना', 'भर्खरै लागेको अठार' आदि पर्दछन्। 'म्युजिक भिडियो कलाकार संघ' र 'लोकदोहोरी प्रतिष्ठान नेपाल'की सदस्य जुना आफ्नो विधा, क्षेत्र तथा पेशासम्बद्धका अतिरिक्त अन्य सामाजिक संस्थामा पनि आबद्ध छिन्। यस अर्थमा उनी विभिन्न संस्थाबाट धेरैपटक अभिनन्दित, पुरस्कृत र अवार्ड सहित सम्मानित भएकी छिन्। सर्वोत्कृष्ट मोडलको हैसियतमा उनले प्राप्त गरेको 'स्टार वान इन्टरटेनमेन्ट प्रा.लि.'द्वारा २०८२ जेठ १७ गते आयोजित 'पाँचौं नेपाल म्युजिक एण्ड फेसन अवार्ड-२०२४' 'सर्वोत्कृष्ट मोडल' ('यो दुनिया त बेग्लै' बोलको गीत/म्युजिक भिडियोबाट), 'नवौं निम अवार्ड-२०२५', 'नवौं नेशनल क्यापिटल अवार्ड-२०२४', 'दोस्रो इन्टरनेशनल क्रियटिभ म्युजिक अवार्ड-२०२४' आदि यसैको ताजा उदाहरण हुन्।

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'प्रश्नोत्तर' कविताको 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' भन्ने हरफजस्तै छ जुनाको सपना पनि। कलिलो उमेरबाटै एउटै उद्देश्य बोकेर अनवरत रूपमा अघि बढिरहिन्। अहिले उनको लक्ष्यसमेत आंशिक रूपमा पूरा भएको छ। भगवान्ले पनि भन्छन् रे- 'तँ आँट् म पुर्‍याउँछु।' यस्तै भयो जुनाको हकमा। मानिसले सोख र चाहना कहिल्यै मार्नुहुँदैन। आफूले इच्छाएको काम गर्दा सन्तुष्टि मिल्नेमात्रै होइन- सफलता पनि प्राप्त हुन्छ। यही सूत्र अपनाइरहेकी छिन् उनले। लगनशील र आफ्नो विधामा पृथक् पहिचान बनाउन सफल जुना हाल आम दर्शकले अत्यधिक रुचाइएकी मोडल/कलाकारमा पर्छिन्। उनी मोडलिङ, नृत्य र अभिनयका दौरानमा नेपालका विभिन्न जिल्ला-स्थानमात्र नभएर मलेशिया, भारतको नयाँ दिल्ली, मुम्बइ, हैदरावादलगायत पनि पुगेकी छिन्। 'यो नै मेरा लागि सबैभन्दा ठूलो सम्पत्ति हो' जुना सन्तुष्टि पोख्छिन्- 'मोडलिङ/कलाकारिता क्षेत्रमा नै सुन्दर भविष्य देखेको छु, यसैमा रमिरहन्छु।'



## वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वीरगंज, पर्सा**
**मधेश प्रदेश, नेपाल**

### नारायणी अस्पताल पछाडी पूर्व तिरको जग्गामा तरकारी तथा फलफूल बजार बहालमा लगाउने सम्बन्धी ३० दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/०७**

वीरगंज महानगरपालिका वडा नं. २ स्थित नारायणी अस्पताल पछाडी पूर्व तिरको जग्गामा रहेको तपशिलमा उल्लेखित तरकारी तथा फलफूल बजार वर्ष ३ का लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ र वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १३ अनुसूची-१२ बमोजिम भाडामा लगाउने सम्बन्धमा वीरगंज महानगरपालिकाको मिति २०८२/०३/०५ गतेको निर्णयानुसार प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा संस्थाले शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिएको छ। यस सम्बन्धी शर्तहरू बुझ्नु परेमा वीरगंज महानगरपालिकाको राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नुहुन सूचित गरिन्छ। साथै यो सूचना वीरगंज महानगरपालिकाको वेवसाइट birgunjmun.gov.np बाट डाउनलोड गरी समेत हेर्न सकिनेछ।

**शर्तहरू**

१. बोलपत्र फारम तपशिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदका साथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखाबाट खरीद गर्न सकिनेछ।
२. बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ। तोकिएको समय भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरू सोही दिन दिनको ३:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरूको रोहबरमा वी. म.न.पा, नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र साथ आफूले कबुल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैकमा रहेको धरौटी खाता नं. १२५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको सूचनामा १२० दिन म्याद भएको बिडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।
४. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट रूपले उल्लेख गरी सहीछाप गरी पेश गर्नुपर्नेछ। केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
५. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र आय शीर्षक स्पष्ट रूपमा खुलाउनु पर्नेछ।
६. बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय अनुसार क्रमशः कायम हुनेछ।
७. बोलपत्रसाथ नागरिकताको प्रमाणपत्र वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको व्यवसायिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं अन्य कुनै कर बुझाउनुपर्ने बाँकी भए सोको चालु आ.व. सम्मको कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
८. बोलपत्रमा उल्लेख भएका कुराहरूको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरूको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ वीरगन महानगरपालिकाको आर्थिक ऐन, २०८१, वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली, २०८१ र प्रचलित कानून बमोजिम हुनेछ।
९. तपशिलमा उल्लेखित आय शीर्षकको ठेक्का सकार अंकको किस्ता र बैंक ग्यारेन्टी सम्बन्धी व्यवस्था बोलपत्र फारममा उल्लेख गरिनेछ।
१०. आफुले कबोल गरेको ठेक्का अंक बराबरको एकमुष्ठ रकम बुझाएमा न्यूनतम अंकमा नघटने गरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।
११. ठेक्का सम्बन्धी विषयमा कुनै किसिमको वादविवाद भएमा वीरगंज महानगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।
१२. उल्लेखित ठेक्का सम्बन्धमा अन्य आवश्यक बुझ्नु परेमा यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नु हुन वा मोबाइल नं. ९८५४०२६३३३ मा सम्पर्क राखी बुझ्न सक्नुहुनेछ।

**तपसिल**

| ठेक्का नं. | आय शीर्षक | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक वार्षिक | बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| ९/२०८१/०८२ | नारायणी अस्पताल पछाडी पूर्व तिरको जग्गामा तरकारी तथा फलफूल बजार | ३ वर्ष | रु. ५१,५८,२२४/- एकाउन्न लाख अन्ठाउन्न हजार दुई सय चौबिस मात्र) (वार्षिक) | रु. ५,०००/- |



प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ